# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २१७ | काठमाडौं | मंगलबार, १८ मंसिर २०८१ | Prabhab National Daily | Tuesday, December 03, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# उपनिर्वाचनमा कांग्रेसले गुमायो १८ सिट
# माओवादीलाई फाप्यो प्रतिपक्षी बेञ्च

- उपनिर्वाचन भएका ४४ स्थानमध्ये २७ स्थान अघिल्लो चुनावमा कांग्रेसले जितेको थियो, यसपटक दुई स्थानको नतिजा आउन बाँकी हुँदा कांग्रेसले १८ सिट गुमाएको छ ।
- कांग्रेसले जितेको स्थान राष्ट्रिय स्वतन्त्र पार्टीलेसमेत खोसेको छ । काठमाडौं-१६ मा रास्वपाकी उम्मेदवार रोजिना श्रेष्ठ निर्वाचित भएकी हुन् ।
- मोरङको ग्रामथानमा कांग्रेसकै नेता भित्रिएर माओवादी केन्द्रले कांग्रेसबाट गाउँपालिका अध्यक्ष पद खोसेको छ । माओवादीले जाजरकोट नलगाडको उपाध्यक्षसमेत कांग्रेसबाट खोसेको छ ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीय तहको निर्वाचनमा संघीय संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलाई झड्का लागेको छ । उसले गाउँपालिका अध्यक्ष, नगरपालिका उपप्रमुख र गाउँपालिका उपाध्यक्षसहित १८ सिट गुमाएको छ । उपनिर्वाचन भएका ४४ स्थानमध्ये २७ स्थान अघिल्लो चुनावमा कांग्रेसले जितेको थियो, यसपटक दुई स्थानको नतिजा आउन बाँकी हुँदा कांग्रेसले १७ सिट गुमाएको छ ।

कांग्रेसले जितेको दैलेखको महाबु गाउँपालिका अध्यक्ष यसपटक नेकपा एमालेले खोस्यो । एमालेका जंगबहादुर शाहीले तीन हजार १२७ मत ल्याएर विजयी हुँदा कांग्रेसका झलकबहादुर भण्डारीले दुई हजार ६७५ मतमात्र पाए । २०७९ को चुनावमा कांग्रेका लछुमन गुरुङले अध्यक्षमा जित्दा एमालेका हरिप्रसाद उपाध्याय पराजित भएका थिए ।

मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष पद नेकपा माओवादी केन्द्रका उम्मेदवारले खोसेको छ । कांग्रेसबाटै माओवादी प्रवेश गरेका नमोनारायण माझीले माझीले छ हजार ९६९ मत ल्याएर अध्यक्ष जित्दा कांग्रेसका बलराम सरदार थारुले पाँच हजार ३३३ मत पाए । यो पालिकामा यसअघि कांग्रेसका जयप्रकाश गच्छदार थारुले सात हजार ६०५ मत ल्याएर जितेका थिए ।

क्रमशः पृष्ठ २ मा



बाँयाबाट क्रमशः रुकुम पूर्वको पुथा उत्तगंगा गाउँपालिका उपाध्यक्ष पदमा विजयी माओवादी केन्द्रकी नरपुरा बुढा पुन, काठमाडौंको कीर्तिपुर नगरपालिकाको प्रमुखमा निर्वाचित नेपाली कांग्रेसका कृष्णमान डंगोल र काठमाडौं महानगरपालिका–१६ को वडाध्यक्ष पदमा निर्वाचित रास्वपाकी रोजिना श्रेष्ठ । *तस्बिरः रासस/सामाजिक सञ्जाल*

## यी हुन् उपनिर्वाचनबाट निर्वाचित जनप्रनिधि

■ कांग्रेसबाट निर्वाचित

**नगरप्रमुख**
- **कृष्णमान डंगोल**, कीर्तिपुर नगरपालिका

**वडाध्यक्षहरू**
- **इच्छाकुमार महर्जन**, कीर्तिपुर नगरपालिका–१
- **राजेन्द्र बानियाँ**, कीर्तिपुर नगरपालिका–४
- **अर्जुनप्रसाद तिवारी**, हेटौंडा उपमहानगरपालिका–१२
- **आनन्द श्रेष्ठ**, मुसिकोट नगरपालिका–१
- **प्रकाश चन्द**, भीमदत्त नगरपालिका–६
- **अमिन थारु**, ठाकुरबाबा नगरपालिका–४
- **तेतर साहु**, गढी गाउँपालिका–६
- **समसे आलम**, राजपुर नगरपालिका–६
- **धिरेन्द्र पुजारा**, सूर्मा गाउँपालिका–४
- **भुपमणी पुन मगर**, रून्टीगढी गाउँपालिका–४
- **शेख अब्दुल खलिक**, ईशनाथ नगरपालिका–७
- **मोतीराम खत्री**, सानीभेरी गाउँपालिका–५
- **मोहन थापा**, पूर्वीचौकी गाउँपालिका–६
- **नगेन्द्र लिम्बू**, लालीगुराँस नगरपालिका–८
- **धनसिंह कुँवर**, दुहुँ गाउँपालिका–५
- **खम्बबहादुर सिंह**, कुसे गाउँपालिका–७

■ माओवादी केन्द्रबाट निर्वाचित

**गाउँपालिका अध्यक्ष**
- **नमो नारायण माझी**, ग्रामथान गाउँपालिका

**नगर उपप्रमुख**
- **देवका लामिछाने**, नलगाड नगरपालिका

**गाउँपालिका उपाध्यक्ष**
- **देवकी तिमल्सिना**, सर्केगाड गाउँपालिका
- **नरपुरा बुढा**, पुथा उत्तरगंगा गाउँपालिका

**वडाध्यक्षहरू**
- **कृष्ण घिमिरे**, ककनी गाउँपालिका–२
- **नवीनकुमार वान्तवा राई**, त्रियुगा नगरपालिका–१२
- **सुनिल कापर केवट**, धनुषाधाम नगरपालिका–१
- **विष्णुबहादुर मगर**, गोरखा नगरपालिका–५
- **नरबहादुर झाँक्री**, त्रिपुरासुन्दरी नगरपालिका–५
- **भरत घिमिरे**, बेलका नगरपालिका–९
- **जगत् घर्ती**, पुथा उत्तरगंगा गाउँपालिका–२ (निर्विरोध)

■ **जसपा नेपाल**बाट निर्वाचित वडाध्यक्ष
- **धिरेन्द्रकुमार साह**, डाक्नेश्वरी नगरपालिका–१
- **देवेन्द्रप्रसाद यादव**, डाक्नेश्वरी नगरपालिका–४

■ नेकपा एमालेबाट निर्वाचित

**गाउँपालिका अध्यक्ष**
- **जंगबहादुर शाही**, महाबु गाउँपालिका

**गाउँपालिका उपाध्यक्ष**
- **उमा लुंगेली मगर शेर्पा**, गौरीशंकर गाउँपालिका
- **सुलोचनाकुमारी भण्डारी**, स्वामीकार्तिक खापर गाउँपालिका

**वडाध्यक्षहरू**
- **मोहमद ताहिर मुसलमान**, शुद्धोधन गाउँपालिका–१
- **सकिवुल खाँ**, रामगोपालपुर नगरपालिका–२
- **लालबहादुर शाही**, दुल्लु नगरपालिका–१३
- **गंगाबहादुर तामाङ**, मोलुङ गाउँपालिका–५
- **कुमारी सावादेन**, सिरीजंघा गाउँपालिका–३

■ **रास्वपा**बाट निर्वाचित वडाध्यक्ष
- **रोजिना श्रेष्ठ**, काठमाडौं महानगरपालिका–१६

■ **एकीकृत समाजवादी**बाट निर्वाचित वडाध्यक्ष
- **बजरंगीप्रसाद यादव**, गढीमाई नगरपालिका–८

■ **नेमकिपा**बाट निर्वाचित वडाध्यक्ष
- **खड्गराज शाही**, तिलागुफा नगरपालिका–४

■ स्वतन्त्र उम्मेदवार
- **लक्ष्मीप्रसाद ओली**, वडाध्यक्ष, कन्काई नगरपालिका–६

**जिल्ला समन्वय समितितर्फ**

टेकराज भट्टराई, प्रमुख, ओखलढुंगा (कांग्रेसबाट निर्विरोध), टीकाकुमारी चौधरी (भुल), प्रमुख, कैलाली (कांग्रेसबाट निर्विरोध)

# किनारामा स्वतन्त्र र नयाँ दल

■ जेबी योञ्जन

**काठमाडौं–** स्थानीय तह उपनिर्वाचनले स्वतन्त्र उम्मेदवारप्रति मतदाताको रुझान् घटेको देखाएको छ । नयाँ दलहरूप्रति पनि मतदाताको लहर उपचुनावमा नदेखिएको राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल बताउँछन् । उनका अनुसार मतदाताको रोजाइमा यसपटक पुराना दलहरू नै परे ।

'यो उपचुनावले स्वतन्त्र र नयाँ दलप्रति जनमत देखाएन । यसको मतलव जनता पुराना दलहरूप्रति निराश छैनन् भन्न खोजिएको होइन तर पुराना दलहरू नै रोजाइमा परे,' उनले प्रभावसँग भने ।

उपचुनावमा क्रमशः कांग्रेस, माओवादी र एमाले पहिलो, दोस्रो र तेस्रो शक्ति भए । यी तीन पार्टीमै जनमत केन्द्रित भयो । समाचार तयार पार्दासम्म कांग्रेसले ३३ मध्ये १६ वटा वडामा चुनाव जितेको छ । नेकपा माओवादी केन्द्रले सात, नेकपा एमालेले पाँच, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एक, नेकपा एकीकृत समाजवादी पार्टीले दुई, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले एक र स्वतन्त्र उम्मेदवारले एक सिट जितेको निर्वाचन आयोगले जनाएको छ ।

> यो उपचुनावले स्वतन्त्र र नयाँ दलप्रति जनमत देखाएन । यसको मतलव जनता पुराना दलहरूप्रति निराश छैनन् भन्न खोजिएको होइन तर पुराना दलहरू नै रोजाइमा परे ।
>
> ■ **प्रा. डा. लोकराज बराल**
> **राजनीतिशास्त्री**

४१ पदका लागि भएको उपचुनावमा स्वतन्त्र उम्मेदवारहरू १०२ जना थिए । तर, झापाको कन्काइ नगरालिका–६ मा मात्रै स्वतन्त्र उम्मेदवारले चुनाव जिते । बाँकीमा निकटतम प्रतिस्पर्धी पनि स्वतन्त्र उम्मेदवारहरू भएनन् ।

काठमाडौंको कीर्तिपुर नगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवार राजमान मानव प्रारम्भिक मतगणनामा निकटतम् प्रतिस्पर्धी देखिएका थिए । तर, उनी पछि परेको परेकै गरे । अन्यन्त्र त स्वतन्त्र उम्मेदवारहरूको स्थिति लज्जाजनक देखिएको छ ।

गत निर्वाचनबाट जनमत पाएर केही बलियो देखिएको शक्ति राप्रपाले कहीँ पनि चुनाव जितेन । अध्यक्ष राजेन्द्र लिङ्देनको गृहजिल्ला झापाको कन्काइ नगरपालिका–६ मा त राप्रपा उम्मेदवारले २६ मतमात्र पाए । अन्त पनि राप्रपाको उपनिर्वाचनमा कन्तविजोक देखिएको बरालले बताए ।

उनले भने, 'राप्रपा त एक तरिकाले भन्दा यो चुनावले समाप्तिको दिशामा छ कि भन्ने सन्देश दिएको छ ।'

राप्रपाले उपचुनावमा पाएको मतलाई लिएर आन्तरिक मतभेद पनि चुलिने देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# पहिलो त्रैमासको कार्यसम्पादन: श्रम क्षेत्रमा सुधारको प्रयास

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिना (साउन-असोज)को कार्यसम्पादन विवरण सार्वजनिक गरेको छ । मन्त्रालयले उक्त अवधिमा गरेका विभिन्न कार्यसम्पादन तथा प्रगति विवरण सार्वजनिक गरेको हो ।

मन्त्रालयले आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ गरी दुई वर्षमा वार्षिकरूपमा न्यूनतम १०० जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्था (म्यानपावर)को इजाजतपत्र आर्थिक वर्ष २०८१/८२ को लागि नवीकरण गर्ने प्रयोजनका लागि बाधा अड्काउ फुकाउ आदेश जारी सञ्चालन गर्न दिएको विषयलाई जोड दिएको छ ।

यस्तै ओमान सरकारको उच्चस्तरीय टोलीसँग वार्ता गरी प्रस्तावित श्रम सम्झौताको मस्यौदालाई अन्तिम रूप दिई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग माग गरिएको राय प्राप्त भएको, मलेसिया सरकारसँग पुनः श्रम सम्झौता गर्नका लागि मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई पठाइएको र गन्तव्य मुलुकहरूमा रहेका श्रम काउन्सेलर र श्रम सहचारीहरूसँग 'भर्चुअल' बैठक सम्पन्न गरिएको मन्त्रालयले उल्लेख गरेको छ ।




त्यस्तै यो तीन महिनाको अवधिमा नेपाल सरकार र गणतन्त्र कोरियाबीच भएको द्विपक्षीय श्रम सम्झौतामा सुझाव दिन, कोरियामा श्रमिक कामदार पठाउनेसम्बन्धी समस्या समाधानमा सहजीकरण गर्न तथा नियमित सुधारका लागि समन्वयात्मक कार्यसम्पादनको व्यवस्था मिलाउन रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरी कार्य आरम्भ गरिएको जनाएको छ । इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा काम गर्नका लागि आवेदन दिएका नेपाली नागरिकहरूमध्ये केहीले गलत कागजात पेस गरेको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न कार्यदल गठन गरिएको मन्त्रालयले जनाएको छ ।

आप्रवासन नीति निर्माण गर्नका लागि समन्वय समिति र प्राविधिक समिति गठनगरी आवश्यक मस्यौदालाई अन्तिम रूप दिइएको, भैरहवा र पोखरा विमानस्थलबाट वैदेशिक रोजगारीमा जाने नेपाली पठाउन सहजीकरणका लागि सरोकारवालासँग समन्वय गरी सम्बन्धित निकायमा पत्राचार गरिएको सार्वजनिक विवरणमा उल्लेख गरिएको छ । त्यस्तै युएई सरकारको मानव संशाधान मन्त्रालय र श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा भर्चुअल बैठक सम्पन्न गरिएको विषय पनि समेटिएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका विविध पक्षलाई समेटी नेपाल लेबर माइग्रेसन रिपोर्ट २०२४ तयारीका लागि समन्वय समिति र कार्य समितिको बैठक सम्पन्न भएको, माइग्रेसन स्कुलको सल्लाहकार समितिको बैठक सम्पन्न भएको, वैदेशिक रोजगार विभागबाट लेबर सेण्डिङ एजेन्सी लिस्ट प्राप्त गरी अर्गनाइजेसन फर टेक्निकल इन्टर्न ट्रेनिङ (ओटिआइटी) जापानलाई इमेलमार्फत जानकारी पठाइएको, नेपाल फोरम अन माइग्रेसन एण्ड डेभलपमेन्ट लेबर एग्रिमेन्ट सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि निःशुल्क तालिम सञ्चालन गर्ने संस्थाका लागि आवश्यक न्यूनतम मापदण्डसम्बन्धी (पहिलो संशोधान) कार्यविधि २०८१ स्वीकृत गरिएको पनि मन्त्रालयले उल्लेख गरेको छ । साथै युएईबाट प्राप्त पाइलट प्रोजेक्टको रूपमा घरेलु कामदार पठाउनेसम्बन्धी मस्यौदामा सामान्य थपघट गरी तयार गरिएको परिमार्जित मस्यौदा परराष्ट्रमार्फत पत्राचारका लागि आग्रह गरिएको छ । यस्तै कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि परराष्ट्रमार्फत सम्बन्धित नियोगमा कूटनीतिक माध्यमबाट पत्राचार गरिदिन आग्रह गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयमा सूचीकृत रहेको वैदेशिक रोजगारमा जाने श्रमिकहरूको स्वास्थ्य परीक्षण गर्ने कूल २१२ स्वास्थ्य संस्थाहरू मध्ये ६७ स्वास्थ्य संस्थाहरूको मापदण्ड पूरा नभई

क्रमशः पृष्ठ ५ मा




## पृष्ठ १ बाट क्रमशः

## उपनिर्वाचनमा कांग्रेसले...

२०७९ को चुनावमा गठबन्धन गरेको माओवादी केन्द्रले जाजरकोटको नलगाड नगरपालिकाको उपमेयर कांग्रेसबाट खोसेको छ । माओवादी केन्द्रकी देवका लामिछाने चार हजार २७२ मत ल्याएर उपमेयर निर्वाचित हुँदा कांग्रेसकी इन्द्राचन्द सिंहले तीन हजार १४७ मत पाइन् ।

यतिमात्र हैन बाजुराको स्वामीकार्तिक खापरको उपाध्यक्ष पद सत्ता साझेदार एमालेले खोसेको छ, कांग्रेसबाट । यहाँ एमालेकी सुलोचनाकुमारी भण्डारी एक हजार ७४० मत पाउँदै निर्वाचित भइन् । कांग्रेसकी पुल्तीसरा शाहीले एक हजार ४७४ मत पाइन् । २०७९ मा कांग्रेस उम्मेदवार मैना जोशी एक हजार ८१० मत ल्याई निर्वाचित भएकी थिइन् ।

दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्ष पनि एमालेले खोसेको छ । यहाँ एमालेकी उमा लुंगेली मगर शेर्पा निर्वाचित भएकी छन् । उनले दुई हजार ८०५ मत प्राप्त गरी विजयी भएकी हुन् । उनकी निकटतम् प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रकी निमलेकी शेर्पाले दुई हजार ६०० मत प्राप्त गरिन् । कांग्रेसकी पासदिकी तामाङ एक हजार ७२७ मत प्राप्त गर्दै तेस्रो स्थानमा सीमित बनिन् ।

यसअघि कांग्रेसले जितेको स्थान राष्ट्रिय स्वतन्त्र पार्टीलेसमेत खोसेको छ । काठमाडौं-१६ अघिल्लो चुनावमा कांग्रेसबाट मुकुन्द न्यौपाने निर्वाचित भएका थिए । यसपटक यो वडामा रास्वपाले झण्डा गाडेको छ । जबकि यो वडा यसअघि दुईपटक कांग्रेसले जितेको थियो । तर, पहिलोपटक स्थानीय चुनावमा भाग लिएको रास्वपा उम्मेदवार रोजिना श्रेष्ठले दुई हजार ९०२ मत ल्याएर वडाध्यक्ष जितिन् । कांग्रेसका प्रभावशाली नेता प्रकाशमान सिंहको क्षेत्रमा कांग्रेसका उम्मेदवार देवेन्द्र पाठकले दुई हजार २१४ मत ल्याएर तेस्रो भए ।

यसअघिको चुनावमा कांग्रेसले जितेको उदयपुरको बेलका नगरपालिका-९ को वडाध्यक्ष माओवादीले खोसेको छ । सोमबार राति आएको अन्तिम मतपरिणामअनुसार माओवादीका भरत घिमिरे निर्वाचित भएका छन् । उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा एमालेका मोहन खड्का ३४ मतान्तरले पछि परे । अन्तिम नतिजाअनुसार घिमिरेले ५५९ मत पाउँदा एमालेका मोहन खड्काले ५२५ मत पाएका छन् । तेस्रो स्थानमा सीमित कांग्रेसका नवीन बस्नेतले ४०४ मत पाए ।

कांग्रेसले नुवाकोटको ककनी-२, ओखलढुंगाको मोलुङ-५, उदयपुरको बेलका-९ लगायत १८ पद गुमाएको छ । जनता समाजवादी पार्टीलेसमेत कांग्रेस जितेको दुई वडा खोसेको छ यसपटक । यद्यपि, पहिले नजितेका सात वडा जितेर कांग्रेसको जित संख्या १७ पुगेको छ ।

### कीर्तिपुरमा कायमै

उपनिर्वाचन भएको एकमात्र नगरपालिका कीर्तिपुर नगरपालिका प्रमुखमा नेपाली कांग्रेसका कृष्णमान डंगोल निर्वाचित भएका छन् । डंगोल पाँच हजार ३३४ मत ल्याए निर्वाचित भएका हुन् ।

माओवादी केन्द्रका उम्मेदवार शिवशरण महर्जनले चार हजार ५५५ मत ल्याएका छन् भने एमालेका सुरेन्द्र मानन्धरले चार हजार ३३७ मत पाएका छन् ।

एमालेको किल्ला मानिएको यहाँ अघिल्लो निर्वाचनमा कांग्रेसले इतिहास रचेको थियो । त्यतिबेला कांग्रेसका उम्मेदवार राजकुमार नकर्मी नौ हजार ४३ मत ल्याएर विजयी भएका थिए । नकर्मीको मृत्युपछि यहाँ उपनिर्वाचन भएको हो ।

### फाप्यो माओवादीलाई

गत निर्वाचनमा कांग्रेससँग गठबन्धन गरी चुनावमा होमिएको माओवादी केन्द्र यसपटक दुई ठूला दलले एक्लो पारेर विपक्षीमा राखेको छ । यस्तो अवस्थामा एक्लै चुनावमा उत्रिए पनि माओवादीले आफ्नो मतमा सुधार गरेको छ । उपनिर्वाचनको अन्तिम परिणाम आइसक्दा माओवादी केन्द्रले एक गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष, एक नगरपासिलका उपप्रमुख र सात वडाध्यक्षसहित ११ स्थान जितेको छ ।

कतिसम्म भने रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा एमाले र कांग्रेसले चुनावी तालमेल गरेको थियो । यसअघि पनि माओवादीले जितेको यो पालिकामा उपाध्यक्षमा माओवादी केन्द्रकी उम्मेदवार नरपुरा बुढा विजयी भएकी छन् ।

बुढाले तीन हजार ६२७ मत ल्याउँदा एमालेकी तुलाचनले दुई हजार १२८ मत पाइन् । एमालेकी तुलाचन कांग्रेसको रुख चिह्न लिएर उम्मेदवार बनेकी थिइन् । मोरङको ग्रामथान गाउँपालिकामा कांग्रेस छाडेका नमोनारायण माझीले जित निकालेका छन् । जाजरकोट नलगाड नगरपालिकामा कांग्रेसका इन्द्राचन्द सिंहलाई पराजित गरी माओवादीकी देवका लामिछाने उपप्रमुख पदमा निर्वाचित भएकी छन् । माओवादीले यसअघि जितेको हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्ष पद पनि सुरक्षित बनाएको छ । उक्त गाउँपालिकामा माओवादीकी उम्मेदवार देवकी तिमल्सिना विजयी भएकी छन् ।

२०७९ को स्थानीय तह निर्वाचनपछि विभिन्न तह (जिल्ला संयोजक, प्रमुख, उपप्रमुख र वडाध्यक्ष) का खाली भएका ४४ स्थानमध्ये माओवादीले जितेका आठ स्थान खाली भएका थिए ।

### रास्वपालाई ऐतिहासिक वडाध्यक्ष

यसअघि स्थानीय निर्वाचनमा भाग नलिएको रास्वपाले यसपटक काठमाडौं महानगरपालिकाको वडा नम्बर १६ मा ऐतिहासिक जित निकालेको छ । कांग्रेसले जितेको क्षेत्रमा रास्वपाकी रोजिना श्रेष्ठले दुई हजार ९०२ मत ल्याएर वडाध्यक्ष जितेकी हुन् । योसँगै श्रेष्ठ रास्वपाबाट वडाध्यक्षमा जित निकाल्ने एक्लो र पहिलो पात्र बनेकी छिन् ।

रास्वपाले अरु स्थानीय निकायमा भने सोचेजस्तो मत पाएन । रास्वपाले यसप्रति चिन्ता जनाउँदै मतदानमा निराशा देखिएको जनाएको छ । 'लोकतन्त्रको महत्त्वपूर्ण अंगका रूपमा रहेको आवधिक निर्वाचनमा सहभागी हुने औसत मतदाता घट्दो क्रममा छ । यसले नागरिक मताधिकारको अभ्यासमा मतदाताहरूमा वितृष्णा तथा निराशा देखिएको छ । यसतर्फ संवेदनशील भई मतदाताहरूलाई मतदानमा सहभागी हुन प्रेरित गर्नुका साथै निर्वाचित जनप्रतिनिधिहरूले निभाउनुपर्ने भूमिका र गर्नुपर्ने कार्यसम्पादनका सम्बन्धमा राष्ट्रिय स्वतन्त्र पार्टी सचेत रहेको छ,' रास्वपा स्थानीय तह उपनिर्वाचन केन्द्रीय संयोजन समितिका संयोजक गणेश पराजुलीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यता राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि यो उपनिर्वाचनमा कुनै स्थानमा जित निकाल्न सकेन ।

■■■

## किनारामा स्वतन्त्र...

महामन्त्री डा. धवलशम्शेर पक्षीय एक पदाधिकारीका अनुसार राप्रपा निकै कमजोर देखिनुमा अध्यक्ष लिङ्देनको कमजोरी छ । ती पदाधिकारीले भने, 'उपचुनावको कमाण्डर एक्लौटी तोक्ने, चुनावी माहोल बनाउन ध्यान नदिने उल्टो कर्णाली र सुदूरपश्चिम यात्रा भनेर कुद्नुहुन्छ अनि जित हुन्छ ?'

गत चुनावमा लोकप्रिय बनेको दल रास्वपाले भने एक ठाउँमा जित निकाल्यो । अन्त जमानत जोगाउनसमेत रास्वपाले सकेन ।

रास्वपाका उम्मेदवारको सबैभन्दा लज्जास्पद मत महोत्तरीको रामगोपालपुर नगरपालिका-२ मा आएको छ । वडाध्यक्ष पदमा यहाँ रास्वपाले सुरसैद खाँलाई उम्मेदवार बनाएको थियो । उनले जम्मा चार मत प्राप्त गरे ।

कालिकोटको तिलगुफा नगरपालिका-४ मा पनि रास्वपाका लागि निराशाजनक रह्यो । यहाँ रास्वपाका गगन बमले जम्मा पाँच मत प्राप्त गरे । रौतहटको ईशनाथ नगरपालिका-७ मा रास्वपाका शेख असराजले जम्मा छ मत प्राप्त गरे । रोल्पाको रुन्टीगढी गाउँपालिका-४ मा रास्वपाका हिमबहादुर पुनले जम्मा सात मत पाए ।

निर्वाचन आयोगका अनुसार ताप्लेजुङको सिरिजंघा गाउँपालिका-३ मा रास्वपाका देवीप्रसाद पौडेलले सात मत पाए । धनुषाधाम नगरपालिका-१ को वडाअध्यक्षमा रामनरेश दासले जम्मा १० मत प्राप्त गरे ।

यसैगरी ठाकुरबाबा नगरपालिका-४ को वडा अध्यक्ष पदमा रास्वपाका बासुदेव शर्माले १७, डोटीको पूर्वीचौकी गाउँपालिका-६ को वडा अध्यक्षमा जानकी खड्का (कुँवर) ले ३१ मत पाइन् ।

सुनसरीको गढी गाउँपालिका-६ को वडा अध्यक्षमा रास्वपाका शशीकुमार साहुले ३३, तेह्रथुमको लालीगुराँस नगरपालिका-८ मा सन्जिव खड्काले ३८ मत, मुसिकोट नगरपालिका-१ को वडा अध्यक्षमा विकास थापाले जम्मा ४३ मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ ।

हुम्लाको सर्केगाढ गाउँपालिकाको उपाध्यक्षमा रास्वपा उम्मेवदार बाँचा बुढाले जम्मा आठ मत प्राप्त गरेकी छन् । रास्वपाका अन्य उम्मेदवार हरूले ४०० मत कटाएनन् । यद्यपि, काठमाडौं १६ मा भने रास्वपाले चुनाव जित्यो ।

'अहिलेको परिणामले संगठनमा जानुपर्छ, गर्नुपर्छ भन्ने छ । पुरानो दलको तुलनामा संगठनको हिसाबले हामीले काम धेरै गर्नुपर्छ । नागरिकलाई बुझाउनुपर्छ भन्ने उपचुनावको सिकाइ भयो,' उनले भने ।

रास्वपामात्रै होइन, मधेसको भूमिबाट गत निर्वाचनमा उदाएको नयाँ दल जनमत पार्टीको पनि उपचुनावमा बिजोक देखिएको छ । मधेसको ठाउँठाउँमा वडाध्यक्षका लागि भएको उपचुनावमा जनमत निकटतम् प्रतिस्पर्धीसमेत बन्न सकेन ।

पश्चिम तराईबाट गत निर्वाचनमा उदाएको दल नागरिक उन्मुक्ति पार्टी कञ्चनपुरमा निष्प्रभावी बन्यो । अन्त पनि यो दलले मत पाउन नसकेको निर्वाचन आयोगले सार्वजनिक गरेको परिणामले देखाउँछ ।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल यसलाई नयाँ दलप्रति पनि जनताको आशा गुमेको अर्थमा लिन्छन् । उनले भने, 'पुराना दलले केही गर्न सकेनन्, खाली भ्रष्टाचार मात्रै गरे भन्ने खालको बुझाइ नयाँ दलले गत निर्वाचनमा प्रचार गरेको थियो, अहिले नयाँ पनि उस्तै रहेछ भन्ने जनतालाई लागेको हुनुपर्छ ।'

उनले नयाँ दलमा पनि समस्या देखिएपछि जनताले पुराना दलहरूलाई छानेको देखिएको बताए । ४१ पदका लागि आइतबार मतदान भएको थियो ।


## श्रीकुष्मावती बचत तथा ऋण सहकारी संस्था लि.

काठमाण्डौ म.न.पा.-३२, विद्यानगर, जडिबुटी फोन नं ०१ ५१४९११८ Email : kusmawotisavings@gmail.com

### ऋणीहरुको धितोमा रहेको सम्पति लिलाम विक्री सम्बन्धि ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना ।

प्रकाशित मिति: २०८१/०८/१८

यस सहकारी संस्था संग देहाय बमोजिमका ऋणी सदस्यहरुले लिखत शर्तनामानुसार लिएको कर्जाको समयमा साँवा ब्याज बुझाउनु पर्नेमा संस्थाबाट समय समयमा पत्राचार, फोन तथा प्रत्यक्ष सम्पर्क गरी ताकेता गर्दा गराउँदा समेत कर्नाको साँवा ब्याज नबुझाई शर्तको उलंघन गर्नुको साथै कर्जा भुक्तानी तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकाले आफुले लिएको कर्जा सहित ब्याज तथा अन्य दैदस्तुर चुक्ता गर्न विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बेवास्ता गरिएकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा सहित सम्पूर्ण दायित्व चुक्ता गर्नु भई आफुले राखेको धितो बन्धक सम्पति संरक्षण गर्नु होला । अन्यथा सहकारी ऐन २०७४ र प्रचलित नेपाल कानुन अनुसार यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तपशिलमा उल्लेखित मिति, समय र स्थानमा धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पति जहाँ जे अवस्थामा छ सोहि अवस्थामा पञ्चकृत मुचूल्का खडा गरी डाँक बढाबढ बोल कबोलद्वारा लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने हुँदा उक्त अचल सम्पति लिलाम सकार गरी लिन चाहनु हुने व्यक्ति, कम्पनी, फर्म, सहकारी संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

धितो, जायजेथा र ऋणीको विवरण

| ऋणीको विवरण | फोटो | धितो विवरण |
|---|---|---|
| १) ऋणी: सुनिता खडका, ना.प्र.नं.२११०१८/८९०९, रामेछाप, बाबु: कृष्ण बहादुर बोगटी,बाजे : हर्क बहादुर बोगटी, पति : खोम बहादुर खडका । स्थायी ठेगाना :रामेछाप जिल्ला, साविक देउराली गा.वि.स. ८, हाल बसोवास:सूर्यविनायक न.पा. ८, सिपाडोल, भक्तपुर । |  | धितो विवरण: सुनिता खड्काको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायमरहेको भक्तपुर जिल्ला साविक सिपाडोल गा.वि.स. वार्ड न. ८(क) स्थित कि.नं. २०७५ क्षेत्रफल ११३.२६ ब.मि.को रैकर निजी जग्गा र सोमा हाल बनेको २ तले पक्की घर समेत । |
| २ ऋणी: खोम बहादुर खडका ना.प्र.नं.:१९९०३, रामेछाप बाबु: भक्त बहादुर खडका,बाजे: रणे बहादुर खडका पत्नी : सुनिता खडका,स्थायी ठेगाना :रामेछाप जिल्ला, साविक देउराली गा.वि.स. ८, हाल बसोवास: सूर्यविनायक न.पा. ८, सिपाडोल, भक्तपुर । |  | धितो विवरण: सुनिता खड्काको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायमरहेको भक्तपुर जिल्ला साविक सिपाडोल गा.वि.स. वार्ड न. ८(क) स्थित कि.नं. २०७५ क्षेत्रफल ११३.२६ व.मि.को रैकर निजी जग्गा र सोमा हाल बनेको २ तले पक्की घर समेत । |

लिलामका शर्तहरु:

१) यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र पनि कर्जा चुक्ता गर्न नआएमा ३६ औं दिनको दिन लिलाम विक्री कार्य गरिने छ । सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस्को भोलिपल्ट सोहि स्थान र समयमा लिलाम विक्री गरिने छ ।

२) डाँक बढाबढ गरी लिलाम विक्री गर्दा सवैभन्दा बढी कवोल गर्नेले आफुले बोलेको रकमको १०% ले हुने रकम धरौटी वापत यस संस्थाको नाममा काटिएको ड्राफ्ट वा नगद अनिवार्य रुपमा सोहि दिन संस्थमा जम्मा गर्नु पर्नेछ । तत्काल उक्त १०% रकम नबुझाएमा सो पछिका क्रमश: दोश्रो, तश्रो गरी डांक बढाबढमा बोल्ने व्यक्ति फर्म आदिलाई लिलाम सकार गराईने छ । बाँकी ९०% रकम लिलाम सकार गरेको मितिले ७ दिन भित्र संस्थामा बुझाई सक्नु पर्नेछ । १०% रकम बुझाई बाँकी ९०% रकम तोकिएको समय सिमा भित्र नबुझाएमा धरौटी वापत रहेको उक्त १०% रकम जफत् हुनेछ ।

३) डाँक बढावड गर्दा सवैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई उक्त सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

४) लिलाम विक्री गर्ने सम्पति सम्बन्धि कुनै जानकारी चाहिएमा वा स्थलगत निरिक्षण गर्न चाहेमा कार्यालय समय भित्र संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

५) लिलाम विक्रीका लागि तोकिएको समय सिमासम्म उल्लेखित सम्पति कसैले लिलाम सकार गरी लिन नचाहेमा वा आफुले कवोल गरेको रकमको तत्काल १०% रकम नबुझाएमा सो सम्पतिको स्वामित्व सहकारी ऐन २०७४ को दफा ७९ वमोजिम संस्थाले स्थानीय निकायले उपलब्ध गराएको पञ्चकृत मुल्यमा आफैले सकार गरी लिन सक्नेछ वा कुनै अर्को व्यवस्था गर्न सक्नेछ ।

६) लिलाम विक्री गरिने दिन तथा समयको बारे ऋणी, व्यक्तिगत जमानी कर्ता, एवं सम्बन्धित सवैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । निजहरुको अनुपस्थितिमा पनि लिलामी कार्यक्रम रोकिने छैन ।

७) लिलाममा राखेको सम्पति नामसारी गर्दा लाग्ने नेपाल सरकारको तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण राजश्व दस्तुर आदी सकार गर्ने व्यक्ति वा संस्थाले नै तिर्नु ब्यहोर्नु पर्नेछ ।

८) उक्त सम्पतिको लिलाम विक्रीको डाँक बढाबढ कार्यमा भाग लिन चाहने ब्यक्ति वा संस्थाले संस्था द्वारा तयार पारिएको बोल कबोल पत्र (आशय पत्र) डाँक बढाबढ गर्ने मिति भन्दा २ दिन अगाडी नै संस्थामा आई खरिद गर्न सक्नु हुनेछ ।

लिलाम हुने मिति : २०८१/९/२३, समय : दिनको १ बजे

स्थान : संस्थाको कार्यालय काठमाण्डौ म.न.पा. वडा नं. ३२, विद्यानगर, जडिबुटी, काठमाण्डौ



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT!!!
## शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: GRAND HYATT KUWAIT (SPIRIT REAL-ESTATE DEVELOPMENT CO.), KUWAIT

कम्पनी : ग्रयान्ड ह्याट कुवेत (स्पिरिट रियल-इस्टेट डेभ्लेप्मेन्ट को), कुवेत

Pre Approval Date : 2024-01-29 / पूर्व स्वीकृति मिति : २०८०/१०/१५ — Post Approval Date : 2024-12-02 / पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ — LT. No. 299027 / एल टि न. २९९०२७ — Invoice No. 60214047 / चलानी नं. ६०२१४०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis Chef | 5 | 5 | 200 | ८८,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Attendants | 5 | 5 | 140 | ६१,८१५ | | | | | | | |
| 3 | Waiter/waitress | 10 | 10 | 160 | ७०,६५० | | | | | | | |

**The final interview will be conducted in the office on 16th Dec, 2024.**
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले ब्यहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

VISION & VALUE
**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



## कुवेतमा रोजगार
कम्पनी : Arab Harvest General Trading & Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ — पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ — LT. No. 310382 — चलानी नं. ६०२२४९८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Surveyor | 5 | 0 | 120 | ५२,९८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Co2 Welding | 28 | 0 | 120 | ५२,९८५ | | | | | | | |
| 3 | Heavy Driver | 20 | 0 | 175 | ७७,२७० | | | | | | | |
| 4 | Labor/helpers | 200 | 0 | 95 | ४१,९४५ | | | | | | | |
| 5 | Structure Fitter | 39 | 0 | 110 | ४८,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic.No 1692/081/81
**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danenepalpg@gmail.com, info@danenepal.com, website : www.danenepal.com



## साउदीमा रोजगार
कम्पनी : Barrak Nasser Al Dossri Est. For General Contracting

पूर्व स्वीकृति मिति : २०८१/०३/२६ — LT. No. 307355 — चलानी नं. ६०२२२०५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Road Maintenance Worker | 9 | 0 | 1000 | ३६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75



## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८१-०८-१८)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आव्हान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT and PS (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 11/Works/ NCB/KM/ 081/082 | Building Construction of Jamunapur Ma Vi at Kalika-6 | २०८१ साल कार्तिक ०२ (18th October, 2024) | 50,47,391.28 | Famous Habile Construction And Engineering Pvt. Ltd., Kalika-07, Chitwan | |
| 2 | 12/Works/ NCB/KM/ 081/082 | Aadharbhut Bidhalaya Latauli Adhuro Bhawanko Gahro, Plaster and Painiting Works Kalika Municipality 9 | २०८१ साल कार्तिक ०२ (18th October, 2024) | 31,04,876.53 | Karuna Nirmad Sewa, Chitwan | |
| 3 | 13/Works/ NCB/KM/ 081/082 | Different Culvert extension at different ward of Kalika Municipality | २०८१ साल कार्तिक ०४ (20th October, 2024) | 23,78,489.13 | Lama Nirman Sewa, Raksirang-2, Sunarisaura, Makawanpur | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कांग्रेसलाई उपनिर्वाचनको पाठ

नेपाली कांग्रेस लामो विरासत बोकेको दल हो । तीनै तहमा पहिलो दल भए पनि माओवादीसँगको भरथेगले कांग्रेसले चुनाव जित्दै आएको सबैमा विदितै छ । यो निर्वाचनमा एक स्थानबाहेक कांग्रेस एक्लै निर्वाचनमा उत्रियो । सत्तामै भएको कांग्रेसले यसपटक भने आफ्नो पुरानो विरासत धमाधम गुमाएको छ । यो उपनिर्वाचनमा कांग्रेस कीर्तिपुर नगरपालिकाको मेयरमात्र जोगाउन सक्यो । दुई गाउँपालिका अध्यक्ष, दुई उपाध्यक्ष कांग्रेसबाट अरु दलले नै खोसे ।

कांग्रेसले आफूलाई पहिलो दल, प्रजातान्त्रिक दल र सबैभन्दा बलियो दलको रूपमा देखाउँदै आएको छ । पछिल्लो समय कांग्रेस केन्द्रमा नेतृत्वको निरंकुशता बढ्दो छ । पार्टी सभापति शेरबहादुर देउवा पार्टीमा सुविधाजनक बहुमतमा छन् । देउवाले पार्टीमा गर्नुपर्ने नियुक्तिहरूमा मनलागी गर्दै आएका छन् । विस्तार गर्नुपर्ने विभागका सदस्यहरू महाधिवेशन आउन लाग्दामात्र विस्तार गरिरहेका छन् । महत्त्वपूर्ण मानिएको कोषाध्यक्षको पद महाधिवेशन सकिएको तीन वर्षपछिमात्र पदपूर्ति गरे । जबकि अबको एक वर्षमा महाधिवेशन हुनुपर्छ ।

यस्तो पार्टीमा नयाँ पुस्ता भनिएका गगन थापा र विश्वप्रकाश शर्मा महामन्त्री छन् । विपक्षी गुटको मानिने डा. शेखर कोइराला छन् । तर उनीहरू देउवाको प्रिय बन्ने दौडमा लाग्दा पार्टीको अवस्था लथालिंग छ । जसका कारण कांग्रेस अहिले नयाँ दलसँग त्रसित छ ।

यो निर्वाचनमा कांग्रेसको सिट एमाले, माओवादी, जनता समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टीले समेत खोसेको छ । मुख्यतः केही अघि गोदावरीमा भएको महासमिति बैठकमा महामन्त्री थापाले कुनै दलसँग चुनावी गठबन्धन नगर्ने प्रस्ताव पेस गरेका थिए । उक्त समयमा धेरै नेताहरूको तर्क थियो– गठबन्धन नगरी त मुस्किलै हुन्छ । यद्यपि कांग्रेसले महामन्त्री थापाको यो प्रस्तावलाई केन्द्रीय समितिमा ल्याएरै पारित गरिसकेको छ ।

तर, उपनिर्वाचनको परिणाम हेर्ने हो भने गठबन्धन नगरे कांग्रेस विस्तारै कमजोर हुँदै जाने छनक देखाएको छ । माओवादीलाई हातमा लिएर चुनावी तालमेल गरेकै कारण कांग्रेस पछिल्लोपटक तीनै तहमा पहिलो दल बन्न सफल भएको हो । यसअघि एमाले र माओवादी एक हुँदा कांग्रेस निकै कमजोर बनेको थियो । माओवादीको आडमा बलियो बन्दै गएको कांग्रेसले अब पाठ सिक्नैपर्छ– यसरी थाङ्ग्रा हाल्दै जाने हो भने एक दिन कमजोर बन्दै पार्टी विलयको चरणमा जाने छ । देउवाको युग अब सकिँदै छ, नयाँ पुस्ताले यो विषयमा सोच्न जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो । क्रमश :

# मिथिलामा विवाहपञ्चमी महोत्सवको रौनक



■ शीतलप्रसाद महतो

ेत्रेतायुगमा अयोध्याका राजा दशरथपुत्र भगवान् श्री राम र जनकपुरका राजा जनकपुत्री माता सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र विवाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ । यस अवसरमा प्रत्येक वर्षझैं यस वर्ष पनि अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात् मठमन्दिरका महन्त, जोगी सन्न्यासी, हजारौं साधु, सन्त, महात्मा सो विवाह महोत्सवमा उपस्थित हुनका लागि जनकपुरधाममा आइसकेका छन् भने कतिपय आउने क्रम जारी छ । सयौं रथ, बाजागाजा, नाचसहित जन्ती आउने चलन छ ।

त्रेतायुगमा मर्यादा पुरुषोत्तम् राम र आदर्श नारी सीताबीच भएको वैवाहिक महोत्सवको स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी पर्व मनाउने गरिन्छ । यसवर्ष मंसिर १६ गतेदेखि सुरु भएको विवाहपञ्चमी मंसिर २२ गतेसम्म सञ्चालन हुने छ । त्रेता युगको झल्को दिने विवाहपञ्चमी महोत्सवको रौनक यतिखेर नेपाल र भारतका सम्पूर्ण मिथिला क्षेत्रमा देखिएको छ । विवाहपञ्चमी महोत्सवमा सहभागी हुन नेपाल तथा छिमेक मुलुक भारतका विभिन्न स्थानबाट हजारौं साधुसन्त तथा दर्शनार्थी जनकपुरधाम आउने क्रम जारी छ । आएका दर्शनार्थी बाह्रबिघा मैदान, जानकी मन्दिरको प्रांगण, सडकपेटी, विभिन्न मठमन्दिर, कुटी तथा संघसंस्थामा बास बसेका छन् ।

त्रेतायुगमा अयोध्याका राजा दशरथपुत्र भगवान् श्री राम र जनकपुरका राजा जनकपुत्री माता सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र विवाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ । यस अवसरमा प्रत्येक वर्षझैं यस वर्ष पनि अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात् मठमन्दिरका महन्त, जोगी सन्न्यासी, हजारौं साधु, सन्त, महात्मा सो विवाह महोत्सवमा उपस्थित हुनका लागि जनकपुरधाममा आइसकेका छन् भने कतिपय आउने क्रम जारी छ । सयौं रथ, बाजागाजा, नाचसहित जन्ती आउने चलन छ । सोहीअनुरूप विगत केही दिनदेखि अयोध्याबाट हजारौं जन्ती तथा दर्शनार्थी जनकपुर आउने क्रम जारी छ । प्रत्येक वर्ष महोत्तरीको मटिहानीहुँदै जन्ती, लावालस्करसहित जनकपुर आउने गर्छन् भने मटिहानीस्थित लक्ष्मीनारायण मठमा पनि विशेष पूजाअर्जना गर्ने चलन छ ।

### विवाहपञ्चमी महोत्सव भव्य र सभ्यरूपमा मनाउने

मार्गशीर्ष शुक्ल पञ्चमीमा जनकपुरधाममा मनाइने विवाहपञ्चमी महामहोत्सवलाई यो वर्ष प्रदेश सरकारले भव्यरूपमा मनाउने भएको छ । आज मंसिर १७ गते भारतको अयोध्याबाट आउने जन्तीलाई भव्य स्वागत गरिने छ । जन्तीलाई महोत्तरीको मटिहानी आइपुगेपछि मटिहानी नगरपालिकाले स्वागत गर्ने छ । स्वागत तथा रात्रिको भोजन र आवासको व्यवस्थापन पनि मटिहानी नगरपालिकाले गर्ने तयारी गरेको छ । मंसिर १८ गते मटिहानीबाट हिँड्ने जन्तीलाई महोत्तरीकै जलेश्वर नगरपालिकाले स्वागत गरेर चिया तथा खाजाको प्रबन्ध गर्ने छ भने सोही दिन पिपरामा जन्तीलाई भोजनको व्यवस्थापन गरिने छ । सोही दिन साँझ जनकपुरधाम आइपुग्ने जन्ती बाह्रबिघा रंगभूमि मैदानमा आयोजना गरिने धनुष यज्ञमा सहभागी हुने कार्यक्रम छ । त्यसैगरी मंसिर २१ गते जानकी मन्दिरको प्रांगणमा रातमा मैथिली परम्परानुसार भगवान् राम र माता सीताको प्रतीकात्मक विवाह उत्सवको कार्यक्रम हुन्छ ।

मंसिर १६ गते नगर दर्शनबाट सुरु हुने विवाहपञ्चमी महोत्सवअन्तर्गत १७ गते फूलबारी लीला, १८ गते धनुष यज्ञ, १९ गते तीलकोत्सव, २० गते मटकोर तथा २१ गते विवाह उत्सव र २२ गते रामकलेवाका कार्यक्रम रहेका छन् । जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारका रूपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारका रूपमा लिइन्छ । हाल जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुलीझैँ सिंगारिएको छ । जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले छोरीको बिहेको आयोजना गरिरहेको जस्तै अनुभव हुन्छ । उनले बिहेमा माता सीताको पिता राजा जनकको भूमिका निर्वाह गर्छन् । रामजानकी विवाह महोत्सवका लागि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ अगाडि रहेको लक्ष्मी सागरबाट विवाहको वेदीको माटो खन्ने चलन रहेको छ । विवाहपञ्चमी महोत्सवका लागि अयोध्याबाट दुई दिन पहिलेदेखि नै साधु, सन्त, महात्मा र जन्ती नेपाल प्रवेश गर्न थालेका छन् । अयोध्याबाट आउने जन्ती पहिले महोत्तरीको मटिहानी प्रवेश गर्ने हुँदा मटिहानीवासीले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन छ ।

महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाहपञ्चमी उत्सव भएपछि मात्रै स्थानीयले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउने गर्छन् । विवाहपञ्चमीका अवसरमा प्रत्येक वर्ष जनकपुरधाममा लाखौं भक्तजनले उत्सवमा सहभागिता जनाउने गर्छन् । विवाहपञ्चमीमा मिथिलाको लोप हुन लागेको कला संस्कृतिहरूको झझल्को दिनेजस्ता सांस्कृतिक कार्यक्रमहरूमा हेर्न पाइन्छ । यसमा बालबालिकाहरूलाई, राम, सीता, लक्ष्मण बनाई नाटक प्रदर्शन, झाँकी, नाचागान, भजनकीर्तन र भगवान्का रूपमा पूजाआजासमेत गरिन्छ । यसले श्रद्धालुलाई निकै उत्साहित बनाउने गर्छन् । बाहिरबाट आएका श्रद्धालु भक्तजनका लागि विभिन्न संघसंस्था तथा स्थानीय क्लबले निःशुल्क आवास, भोजन, उपचार र माइकिङको ठाउँ-ठाउँमा व्यवस्था गरिएको छ ।

### नगर दर्शन

त्रेता युगमा अयोध्यानरेश दशरथपुत्र मर्यादा पुरुषोत्तम भगवान् राम र मिथिलाका शिरध्वज राजर्षी जनकपुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापीरूपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन मंसिर १६ गते नगर दर्शन विधि गरिन्छ । जसमा राम लक्ष्मणको प्रतीकस्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाम नगर दर्शन गराइन्छ ।

### फूलबारी लीला

विवाहपञ्चमी महोत्सवको दोस्रो आकर्षण भनेको फूलबारी लीला हो । दोस्रो दिन मंसिर १७ गते फूलबारी लीलामा राम जानकीको पहिलो भेट गराइन्छ । त्रेता युगमा भगवान् रामको पहिलो भेट भारतको गिरिजा माई मन्दिरको फूलबारीमा भएको रामायणमा उल्लेख छ । यो विधि जानकी मन्दिरको छेउमै रहेको रामजानकी विवाह मण्डपमा रहेको फूलबारीमा प्रत्येक वर्ष गरिँदै आएको छ । त्रेता युगमा गुरु विश्वामित्रसहित धनुषयज्ञमा अयोध्याबाट मिथिलाको राजधानी जनकपुरधाममा भाग लिन आएका राम र लक्ष्मण फूलबारीमा घुम्न जाँदा राम र सीताको नजर एक अर्कामाथि परेको किम्वदन्ती छ । जहाँ राम र जानकी एक अर्काप्रति आकर्षित भएको र जानकीले आफूलाई रामजस्तै वर पाउन कामना गरेको भन्ने मान्यता रहेको छ ।

### धनुष यज्ञ

तेस्रो दिन मंसिर १८ गते धनुष यज्ञ सम्पन्न हुन्छ । सीताले शिवजीको पिनाक (धनुष) लाई बायाँ हातले उठाएर लिपपोत गरेको देख्दा राजा जनक यो धनुषमा प्रत्यञ्चा चढाउनसक्ने वीर पुरुषसँगै आफ्नो छोरीको बिहे गरिदिने वचन दिएकाले धनुष यज्ञको आयोजना गरिएको मानिन्छ । त्रेता युगमा सो धनुष यज्ञको आयोजना रंगभूमि मैदान १२ बिघामा भएको मानिन्छ । सोही स्मरणमा धनुष यज्ञ विधि सम्पन्न गरिन्छ ।

### तिलकोत्सव विधि

महोत्सवको चौथो दिन मंसिर १९ गते राम मन्दिरको प्रांगणमा हजारौंको भीडका बीच तिलकोत्सव विधि सम्पन्न हुन्छ । तिलकोत्सवमा महन्थ राम तपेश्वर दास वैष्णवको नेतृत्वमा जानकी मन्दिरबाट पाहुना राम मन्दिरमा आउँछ । जहाँ जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव र राम मन्दिरका महन्थ राम गिरीबीच अंकमाल (समधी मिलान) हुन्छ । तिलकोत्सवमा सहभागी महिलाले रामजानकीको बिहेका गीत गाउँछन् भने हाँस्य परिहासको माहोलसमेत हुन्छ ।

समधी मिलान कार्यक्रममा जानकी मन्दिरका महन्थ, उत्तराधिकारी महन्थ, पुजारीहरू सहभागी हुने गर्छन् भने राम मन्दिरबाट महन्थ स्वयं, गुठी संस्थानका प्रतिनिधि तथा स्थानीय युवा क्लबका प्रतिनिधिहरू सहभागी हुन्छन् ।

### मटकोर विधि

महोत्सवको पाँचौं दिन मंसिर २० गते मटकोर विधि हुन्छ । मटकोर विधिमा माता जानकीको मटकोरका लागि मिथिलाका महिलाले जनकपुरधामकै पवित्र सरोवर रहेको गंगासागर पोखरीबाट साँझको समयमा मिथिलाको परम्पराअनुसार गीत गाउँदै माटो खनेर ल्याउने गर्छन । सोही माटोबाट विवाहका लागि वेदी तयार गरिन्छ ।

### स्वयम्वर विधि

छैटौं दिन मंसिर २१ गते ऐतिहासिक रंगभूमि मैदानमा स्वयम्वर विधि सम्पन्न भएको छ । सो दिन राति वैदिक परम्पराअनुसार वैवाहिक कार्यक्रम सम्पन्न हुने छ । स्वयम्वरका लागि राम मन्दिर तथा जानकी मन्दिरको डोला रंगभूमि मैदान (१२ बिघा) पुग्छन् । डोलाको दर्शन र रामजानकीको स्वयम्वर हेर्न बाह्रबिघा मैदानमा हजारौंको संख्यामा दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । स्वयम्वरपश्चात् राम र जानकीको डोलालाई नगर परिक्रमा गर्दै जानकी मन्दिरमा पुगेर साँझदेखि विवाहको काम सुरु हुन्छ । राम र सीताको विवाहका लागि जानकी मन्दिर प्रांगणमा विवाह मण्डप अर्थात् मरबा बनाइएको हुन्छ । राम र जानकीको विवाहका लागि जानकी मन्दिरलाई भव्यरूपमा सिंगारिएको छ । वैवाहिक कार्यक्रममा झाँकी कीर्तणसहितको सांस्कृतिक कार्यक्रमहरू आयोजना हुने गर्दछ । जसको अवलोकनका लागि हजारौं दर्शनार्थीको जानकी मन्दिरमा भीड लाग्ने गर्दछ । वैवाहिक कार्यक्रममा भगवान् रामका बुबा राजा दशरथको भूमिकामा राम मन्दिरका महन्थ राम गिरी र सीताको पिता राजा जनकको भूमिकामा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णवले भूमिका निर्वाह गर्दछन् ।

### रामकलेवा

विवाहपञ्चमीको सातौं दिन मंसिर २२ गते भारतको अयोध्याबाट जन्तीका रूपमा आएका साधु सन्तहरूलाई भोजन गराउँदै बिदाइ गरिन्छ । जसलाई रामकलेवा भनिन्छ । रामकलेवामा बेहुलापक्षबाट आएकाहरूलाई गालीगलौज गर्नेसमेत परम्परा छ । मन्दिरका पुजारी तथा मिथिलाका नारीहरू गीतकै माध्यमले गाली गर्ने गर्छन् ।

विवाह महोत्सव हेर्न आउने श्रद्धालुका लागि विभिन्न खाले मनोरञ्जनकोसमेत व्यवस्था गरिएको हुन्छ । महोत्सवलाई व्यवस्थित र भरपर्दो सुरक्षित बनाउन स्थानीय सुरक्षा समितिले विशेष रणनीतिसमेत बनाएको हुन्छ । *रासस*




▶▶ वैकुण्ठ भण्डारी

# डाँडैमा बसेर लाखौ लाख !

रनभुल्ल परेका छन्, भरत दाइ । ठूलो पाटोको डाँडामा बसेर टोलाउँदै कसैको पर्खाइमा हो कि जस्तो भान हुन्छ । वरपर हेर्छन् । कोही पनि देख्दैनन् । खोल्सै-खोल्सा कोही आएको हो कि भनेर पहिले पानी लिन जाने गरेको पँधेरोको खोल्सातिरबाट खस्यक-खुस्युक गरेको सुन्छन् ।

*'को हो हँ ?'*

*कोही बोल्दैनन् ।*

माथि भान्दाकै पहिरोको बाटोहुँदै १७-१८ जनाजति ओर्लंदै छन् । टाढाबाट हेर्दा तिनको हातमा सायद चारतारे झण्डाजस्तो देखिन्छ । अलि परै भएकाले उनीहरूले लगाको नारा पनि सुनिँदैन । पहिलेपहिले भए पो गाउँभरि मान्छे हुन्थे । वारिबाट पारि सहजै देख्न पनि सकिन्थ्यो । अहिले गाउँमा कोही छैन ! खेतबारीभरि अग्गो झारको बुटचानले के आयो भन्ने ठम्याउँदै गाह्रो पर्ने रैछ ।

डाँडातिरका मान्छे अधिकांश बेसीतिर झरिसकेका छन् । अलि सुख सुविधा खोज्नेहरू त बजारमै पुगिसके । तर भरत दाइको परिवारले भने थातथलो छाडेको छैन । उनी बुझेका पनि तर बुझेको नबुझ्दै गर्दिने मान्छे जस्तो भइदिन्छन् ।

हजुरको बाउको टन्नै सम्पत्ति भएर पनि होला । छाडेर कहाँ जाने । हुन अहिले रेमिटचान्स भित्रिएर हो कि के हो काँठका गाउँमा जग्गाको भाउले सबको फूर्ति पनि बढिराको छ । भरत दाइको पनि त्यही होला चाला ।

भोट के मा ? रुखमा । रुख कसको कांग्रेसको । भरत दाइले सुन्न भ्याए । अनि फतफताउन थाले । 'लौ फेरि उही कुरा' ! १७ सालदेखि यस्तै भन्दै हिँडेको ७० वर्ष पुग्न लागिसक्यो । नारा लगाउने लस्कर उनी नजिकै आइपुगे । श्रीहरिले सोधे, 'के हो काका यसपाली त भन्न नपर्ला नि ?'

भरत बकदाइ उत्तर दिए । पर्दैन पर्दैन अव यति भएपछि त कुरा सक्किगो नि ।

जुलुसको नेतृत्व गरिरहेको श्रीहरि बोल्यो । 'हिजो दाइको कुरो सुन्नु भो नि' । 'अँ सुने, अहिले मोवालाँ पनि हरिराँको छु' भरतदाइ मुस्कुराए । भरतको कुरा विचरा केटाहरूले के बुझ्थे । ल ल भनेर ओरालो लागे । भरतलाई सनिष्टारतिर आँखा डुलाउँदै थिए । पण्डितको डाँडामा भिड थियो । मान्छेहरूको ओहोर दोहोर देखिन्थ्यो । उनले भने, 'भेडा भनेको भेडा नै हो । '

हावाको भरमा कुदिराका छन् । 'एक छाकेहरू ।'

सनिष्टारतिरको रमिता पनि सकिए जस्तो छ । टार बट्टेको आँगनै आँगन माझा घरे कान्छा घरतिर राता झण्डा हल्लाउँदै हिडेका छन् । सायद कान्छा घरतिर छिरेनन् । बरु उता श्यामको घराँ छिरेर सबै डिलमा बसेका छन् । खुबै भलाकुसारी गरे जस्तै गरी । विहेमा जन्ती अन्माउनका लागि तयार गरे जस्तै गरी ।

भरत काकाले डाँडाबाटै कराएँ । हुन न अहिले डाँडाको कुराले सामाजिक सञ्जाल रंगिएको छ । भरत दाइ पनि डाँडामा नै बसेका छन् । धन्न उनको हातमा प्रविधिसँग जोड्ने ल्यापटप रहेनछ । नत्र उनले पनि दुई चार लाखको कुरा गर्थे होला ।

डाँडाको घर पैराको डर भन्छन् । डाँडोका चर्चाले भरतलाई पनि छटपट्टि नभएको कहाँ हो र । तर उनलाई कसले के भन्छ भन्ने सरोकार नै छैन । बरु अगाडि नै 'प्याच्च प्याच्च' बोलिदिन्छन् ।

उपचुनाउको रमझम । सवलाई आफ्नै दाउ त हो । दिनभरी बाहुन रातभरी डाउन भने जस्तो । कोही पेट्रोलमा चम्केका छन् कोही झोलको रहरमा भौतारिएका छन् । जे होस यस्तो कर्म त हरेक वर्ष भइदिए पनि घरभित्र थन्काएर राखेको पैसा त निस्कन थालेको छ ।

रातो फेटा बानेका दुई चार केटाहरू डाँडोमा नै आईपुगिसकेका छन् । केटाहरूको केही समय जागिर पाका छन् । लौ है भरत काका बुझ्नु होला ।

'के बुझ्नु नि' भरत काकाले उत्तर फकाइहाले । हैन अघिसम्म तारे अहिले फेरि रातो के हो केटा मैले बुझिनँ ।

उसले पनि बुझाउन प्रयत्न के गर्दथ्यो । लहैलहैमा लागेको जस्तो । बोल्नेले ढंग नपुर्याउँदै अहिले पनि दिनभरको मेलो पुर्याउने त हो । बुझेर बोले पनि हुन्छ । चर्चामै आउनेगरी बोलेर के फाइदा हुन्छ । कीर्तिपुरको डाँडामा नै बसेर महिनाको दुई-चार लाख कमाउने सपना देखाउनेहरूबाट धेरै अपेक्षा ? ...नगरे पनि हुन्छ है भनेर उल्टै 'माइग्रेन बढ्छ' भन्छन् हरि दाइ ।

प्रजातन्त्र प्राप्त भएको ३५ वर्ष बितिसक्यो । प्रजातन्त्रलाई दुहुने काम मात्र भो । जनतालाई आधुनिक दास स्वीकार भो । अब त नयाँ-नयाँ कुरा पो चाहियो नि । त्यसका लागि नयाँ-नयाँ मान्छे चाहियो । यही ३५ वर्षदेखि मस्त मारिरहेका दुई दललाई सरकार त्यसका लागि नयाँ-नयाँ मान्छे चाहियो । त्यही ३५ वर्षदेखि मस्त मारिरहेका दुई दलले सरकार हाँकिरहेका छन् । अनि यिनैले फेरि हावादार भाषण गर्दछन् ।

जनतालाई गाँसको ग्यारेण्टी हुन पर्ने कि नपर्ने ? वासको ग्यारेण्टी गर्ने कसले ? राज्य छ भन्ने भान कसले गराउने ? यो हुन्न वा त्यो हुन्न भन्ने हो भने भने हुन्छ के भन्ने कुरा पनि देखाउनुपर्यो । उता लाल झण्डाहरूले पनि भरत दाइ चिर्पटहरूलाई कुनै न कुनै वाणले ठोकिरहेका छन् ।

दुई बूढाहरूले पार्टी हाँकेका छन् अनि अहिले सरकार पनि हाँकिरहेका छन् । युवाहरूलाई विदेश पठाएर रेमिटचान्समा आँखा गाढी रहेका छन् । कहिले बाख्रा काण्ड त केहीले के काण्डमा मुछिनेले अहिले फेरि डाँडामा बसेर ल्यापटप चलाएर महिनामा लाखौं कमाउने सपना देखाउनु त 'महापाप' हो नि !

डाँडैमा बसेर लाखौं लाख कमाउँछन् भन्नु सकारात्मक कुरा होला होस् । तर, जनतालाई भ्रममा पार्न आफूले मात्र यो देशको ठेक्का हान्न खोज्नेहरूको विकल्प खोज्नु पर्दछ । विकल्प रोज्नु पर्दछ । परम्परागत दास प्रथा मात्र होइन अहिलेको आधुनिक दासबाटसमेत नागरिक मुक्त हुन सिक्नुपर्दछ । चाहे हो गुठीभित्र होस् वा अस्पतालभित्र नै किन नहोस् । दास दास नौ हो सामन्त सामन्त नै हो । सामन्तको अन्त्य गर्नका लागि पनि डाँडा मै बसेर प्रविधिको प्रयोग र गर्नु उचित पो हुन्थ्यो कि ?



**भक्तजनको घुइँचो** | रामजानकी विवाहपञ्चमी महाउत्सवका अवसरमा जनकपुरधामको जानकी मन्दिरको प्रांगणमा आइतबार आयोजित नगर दर्शन कार्यक्रममा भक्तजनको घुइँचो ।

*तस्बिरः चन्द्रदेव साह/रासस*

# उपनिर्वाचनमा ठूला दलकै वर्चश्व

**सुदूरपश्चिम-** सुदूरपश्चिम प्रदेशमा भएको उपनिर्वाचनमा नेपाली कांग्रेस चार वडाध्यक्ष र नेकपा एमाले एक गाउँपालिका उपाध्यक्षमा विजयी भएको छ ।

कांग्रेस वडाध्यक्षबाहेक कैलाली जिल्ला समन्वय समितिको प्रमुखमा विजयी भएको छ । बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्षमा नेकपा एमालेकी सुलोचनाकुमारी भण्डारीले एक हजार ७४० मत प्राप्त गरी निर्वाचित भएकी छन् । निर्वाचन अधिकृतको कार्यालयका अनुसार उनकी निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसकी पुल्तीसरा शाहीले एक हजार ४७४ मत पाइन् ।

तेस्रो स्थानमा नेकपा एकीकृत समाजवादीकी जवा शाहीले ५५३ मत पाइन् । दुई वर्षअघि भएको निर्वाचनमा यो गापाको उपाध्यक्षमा कांग्रेसकी मैना जोशी निर्वाचित भएकी थिइन् । उनको निधनपछि उपनिर्वाचन भएको हो । वि.सं. २०७४ मा भने सो गापामा एमाले नै विजयी भएको थियो ।

दुई वर्षअघिको निर्वाचनमा पराजय बेहोरेको कांग्रेस उपनिर्वाचनमा बझाङ जिल्ला, सुर्मा गापा-४ र दार्चुला जिल्ला, दुहु गापा-५ को वडाध्यक्ष पदमा निर्वाचित भएको छ । सुर्मा-४ मा कांग्रेसका धीरेन्द्र पुजारा ६५७ मतसहित विजयी हुँदा उनको निकटतम् प्रतिस्पर्धामा एमालेका लखिचन्द्र बोहराले ४८७ मत पाए । यसअघिको निर्वाचनमा एमालेका प्रत्यासी यो वडाको वडाध्यक्षमा विजयी भएका थिए ।

यसअघिको निर्वाचनमा नेकपा माओवादी केन्द्र विजयी भएको दार्चुला दुहु-५ को वडाध्यक्षमा कांग्रेसका धनसिंह कुँवर ३७६ मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम् प्रतिस्पर्धि एमालेका मानसिंह बडालले ३५८ मत पाए । कांग्रेसले डोटीको पूर्वीचौकी गापा-६ र कञ्चनपुर भीमदत्तनगर नगरपालिका-६ को वडाध्यक्षमा पुनः विजय प्राप्तगरी विरासत जोगाएको छ । पूर्वीचौकीमा कांग्रेसका मोहन थापा ४६८ मत प्राप्त गरी वडाध्यक्षमा विजयी भएका छन् भने उनका निकटतम् प्रतिस्पर्धी एमालेका देवबहादुर थापा ३०१ मत पाए ।

भीमदत्त नगरनगरपालिका-६ को वडाध्यक्षमा कांग्रेसका प्रकाश चन्द एक हजार १०७ मत प्राप्त गरी विजयी हुँदा एमालेका बहादुर चन्द ४८७ मतमा सीमित भए । उपनिर्वाचनअन्तर्गत नै कैलाली जिल्ला समन्वय समितिको प्रमुखमा नेपाली कांग्रेसकी टीका चौधरी निर्विरोध निर्वाचित भइसकेका छन् । उपनिर्वाचनमा संसद्को तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रका साथै नेकपा एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीको नतिजा शून्य भएको छ ।

आइतबार भएको उपनिर्वाचनमा मतदान गर्नयोग्य कूल मतदातामध्ये स्वामीकार्तिक खापर गाउँपालिकामा ५२, सुर्मा गापामा ७६, पूर्वीचौकी गापामा ५३, दुहुँ गापामा ६९ र भीमदत्तनगर नगरपालिकामा ५५ प्रतिशत मत खसेको थियो । *रासस*

# प्रयोगविहीन बन्यो हुप्सेकोटको वायु ऊर्जा केन्द्र

**मध्यविन्दु (नवलपरासी)-** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-५ धौवादीमा रहेको वायु ऊर्जा मर्मतसम्भार अभावमा प्रयोगविहीन बनेको छ ।

एसियाली विकास बैंकको आर्थिक तथा प्राविधिक सहयोगमा धौवादी डाँडास्थित रुद्रपुरमा नमूना योजनाका रूपमा वि.सं. २०६८ मा निर्मित वायु ऊर्जा केन्द्र हाल प्रयोगविहीन भएको हो । हावाबाट पंखालाई घुमाएर 'टर्वाइन'को माध्यमले ब्याट्री चार्ज भई बिजुली निकालिँदै आएकामा टर्वाइनमा समस्या देखिएपछि बन्द भएको हो । ऊर्जा केन्द्रको अन्य पाटपूर्जा पनि काम नलाग्ने अवस्थामा पुगेका छन् ।

दुई करोड बढी लागतमा निर्माण गरिएको उक्त परियोजनाबाट हावाका माध्यमले १० किलोवाट र सौर्य ऊर्जाबाट दुई किलोवाट गरी १२ किलोवाट विद्युत् उत्पादन गरिएको थियो । उक्त वायु ऊर्जा हाल पूर्णरूपमा बन्द भएको हुप्सेकोट गाउँपालिका-५ का वडाध्यक्ष पदमबहादुर राना मगरले बताए । 'निर्माण सम्पन्न भएपछि एसियाली विकास बैंकले ऊर्जा केन्द्र हस्तान्तरण गरेको केही वर्ष पूरा क्षमतामा विद्युत् उत्पादन भए पनि पछि टर्वाइन र ब्याट्रीमा खराबी आएपछि उत्पादन बन्द भएको



हो,' वडाध्यक्ष मगरले भने ।

वायु ऊर्जा केन्द्र निर्माणपश्चात् स्थानीय समूहलाई रेखदेखका लागि जिम्मा दिए पनि मर्मत सम्भार कुन निकायबाट गर्ने भन्ने स्पष्ट नहुँदा करोडौंको लगानी अलपत्रझैं बनेको हुप्सेकोट गाउँपालिकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।


विगत १० वर्ष अगाडिदेखि नै वायु ऊर्जा केन्द्र बन्द रहेकाले त्यसको मर्मतका लागि गाउँपालिकाले पटक-पटक पहल गरे पनि कतै सुनुवाइ नभएको अध्यक्ष पाण्डेको गुनासो छ । 'मर्मतका लागि धेरै बजेट आवश्यक हुने प्रारम्भिक अनुमान रहेकाले प्राविधिक अध्ययनका लागि वैकल्पिक ऊर्जा केन्द्रमा गाउँपालिकाले पत्राचार गरिएको छ, पटक-पटक भेटेर पनि भनियो,' उनले भनिन्, 'प्राविधिक टोली पठाउँछौं भन्ने उत्तर आउँछ तर कुनै टोली आएको छैन ।'

वायु ऊर्जा केन्द्र मर्मत गर्न स्थानीय सरकारको बजेटले मात्र सम्भव नहुने भएकाले संघीय सरकारसमक्ष पहलको आग्रह गरिए पनि सुनुवाइ नभएको गाउँपालिकाको भनाइ छ। केही वर्ष क्षमताअनुसार विद्युत् उत्पादन भएकाले स्थानीयले चौबिसै घण्टा विद्युत् उपभोग गर्न पाएका थिए । वायु ऊर्जा बन्द भएपछि सौर्य ऊर्जाको भर पर्नुपरेको थियो । गत वर्षदेखि यहाँ राष्ट्रिय प्रसारणलाइन पुगेपछि बिजुलीको समस्या नभए पनि नमूनाको रूपमा स्थापना गरिएको वायु ऊर्जा केन्द्र प्रयोगविहीन बन्नु दुखद भएको गाउँपालिका अध्यक्ष पाण्डेले बताइन् ।

हावाबाट बिजुली निकाल्ने क्षेत्रका रूपमा परिचित भएको धौवादी क्षेत्र पर्यटकीय केन्द्रका रूपमासमेत विकास भएको थियो । यहाँको पंखा हावाको वेगले घुम्दा थप आकर्षक देखिने र त्यसको अवलोकनका लागि आन्तरिक पर्यटकको बाक्लै उपस्थिति हुने गरेको थियो । वायु ऊर्जा केन्द्रको मर्मत गरी हावाबाट बिजुली उत्पादन गराएर यसलाई थप आकर्षित बनाउनसके पर्यटकीयस्थलको रूपमा विकास गर्न सकिने हुप्सेकोट गाउँपालिका उपाध्यक्ष पूर्णसिंह राना मगर बताए । *रासस*

# मुन्दुम ट्रेल भ्रमण वर्षमा रेडपाण्डा र थार महोत्सव

**खोटाङ-** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५'का अवसरमा रेडपाण्डा र थार महोत्सव गर्ने भएको छ । मुन्दुम ट्रेल भ्रमण वर्षमा घुम्न आउने पर्यटकमार्फत नगरपालिका क्षेत्रभित्र पर्ने विभिन्न जंगलमा पाइने लोपोन्मुख जनावर रेडपाण्डा र थारको संरक्षण, प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो ।



महोत्सवका लागि मुन्दुम ट्रेलसँग जोडिएका वडाका वडाध्यक्ष, सामुदायिक वन महासंघ सम्मिलित कार्यदलले विस्तृत अध्ययन गरी योजना बनाउने र त्यसका आधारमा महोत्सवको समय निर्धारण गरिने नगरप्रमुख तीर्थराज भट्टराईले बताए । 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५ लाई प्रभावकारी र सफल बनाउन स्थानीय तहहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । भ्रमण वर्षमा घुम्न आउने पर्यटकलाई लक्षित गरेर हामीले रेडपाण्डा र थार महोत्सव आयोजना गर्ने निर्णय गरेका हौं,' उनले भने । महोत्सव सफल बनाउन वडा नं १० पाथेकाका वडाध्यक्ष मुगाधन राईको संयोजकत्वमा तयारी समिति गठन गरिएको छ । १५ वटै वडाका वडाध्यक्ष सम्मिलित तयारी समितिले महोत्सवका लागि विस्तृत अध्ययन गरेर योजना बनाउने छ ।

आगामी पुस १७ गतेदेखि औपचारिकरूपमा सुरु हुने 'मुन्दुम ट्रेल भ्रमण वर्षका अवसरमा केपिलासगढी गाउँपालिकामा हनी हन्टिङ महोत्सव तथा गोठस्टे (गोठबास) महोत्सव तथा साकेला गाउँपालिकामा उँभौली साकेला तथा अन्य सांस्कृतिक महोत्सव गर्ने तयारी छ । यस्तै, भोजपुरको टेम्केमैयुङ गाउँपालिकामा गुराँस, घोडचढी तथा फिल्म सुटिङ महोत्सव, भोजपुर नगरपालिकामा अल्ट्रा म्याराथन, माउन्टेन साइक्लिङ, साल्पा सिलिछो गाउँपालिकामा नछोङ (धामी) महोत्सव, षडानन्द नगरपालिकामा रुद्राक्ष महोत्सव, महाकुलुङ गाउँपालिकामा चाकचाकुर महोत्सवलगायत कार्यक्रम गर्ने तयारी छ ।

पहिलोपटक आयोजना गरिएको मुन्दुम ट्रेल भ्रमण वर्षमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि त्यस आसपासका स्थानीयवासीले धमाधम होमस्टे (घरबास) तथा पाहुनाघर निर्माण गरिरहेका छन् । मुन्दुम ट्रेल भ्रमण वर्षको अवधिमा करिब एक लाख पर्यटक भित्र्याउने लक्ष्य छ । भ्रमण सफल बनाउन 'मुन्दुम ट्रेल'सँग जोडिएका विभिन्न स्थानीय तहलाई आ-आफ्नो क्षेत्रमा विभिन्न महोत्सव र पर्यटकीय क्रियाकलाप गर्न अनुरोध गरिएको आयोजक मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष रमेश राईले बताए ।

'मुन्दुम ट्रेल पर्यटकका लागि भर्जिन गन्तव्य भएकाले कम्तीमा पनि एक लाख पर्यटक भित्र्याउने लक्ष्य छ,' उनले भने । सरकारले घोषणा गरेको १०० पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' करिब १०७ किलोमिटर लामो छ । प्राकृतिकरूपमै पर्यटकीयस्थल रहेको 'मुन्दुम ट्रेल' स्तरोन्नतिमा तीनवटै तहका सरकारको करोडौं लगानी भइरहेको छ ।

२०७५ पुस २१ गते औपचारिकरूपमा घोषणा गरिएको 'मुन्दुम ट्रेल' पदमार्गको दायाँबायाँ चौडा गर्ने, सुक्खा ढुंगाको सिँढी लगाउने र ढुंगाकै सोलिङ गर्नेलगायत आधारभूत भौतिक पूर्वाधारको काम भएको छ । साकेला गाउँपालिका-३ खिदिमास्थित तावाभञ्ज्याङबाट सुरु भएको 'मुन्दुम ट्रेल'मा उक्त स्थानीय तहको ३० प्रतिशत, प्रदेश सरकारको ३५ प्रतिशत र स्वीडेन सरकारको ३५ प्रतिशत गरी ९१ लाख ४५ हजार रूपैयाँमा स्तरोन्नतिको काम गरिएको छ ।

प्रकृतिप्रेमी अर्थात् सौन्दर्यमा रमाउन चाहने तथा किराती संस्कार, संस्कृति अध्ययन एवं अनुसन्धान गर्न आउने पर्यटकका लागि 'मुन्दुम ट्रेल' रोजाइमा पर्ने गरेको छ । पूर्वीपहाडी जिल्ला खोटाङ, भोजपुर, सोलुखुम्बु तथा संखुवासभा सीमामा पर्ने मुन्दुम ट्रेल किरात समुदायको ऐतिहासिकतासँग सम्बन्धित छ । खोटाङ र भोजपुरको सीमामा यो पदमार्ग तीन हजार १६५ मिटरको टेम्केडाँडा हुँदै मैयुङ, तीन हजार ७५० मिटरको साल्पापोखरी तथा चार हजार १६५ मिटरको सिलिचुङसम्म पुगेर टुंगिन्छ । पहाडैपहाडको चुचुरामा निर्माण सुरु गरिएको मुन्दुम ट्रेल पदमार्ग पूरा गर्न विदेशीका लागि करिब १३ दिन तथा नेपालीका लागि १० दिनको समय लाग्ने गरेको छ ।

हिमाल नजिकै पुगेर त्यसको सौन्दर्यमा रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि डाँडैडाँडा यात्रा गर्दा थकानको महसुस पनि नहुने पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष राईले बताए । पदमार्गमा अधिकांश किरात समुदायका बस्ती रहेको तथा उनीहरूको मौखिक ग्रन्थ 'मुन्मुम'मा उल्लेखित किराती जीवनशैली, संस्कार र संस्कृतिबारे वर्णन गरिने भएकाले पदमार्गको नाम 'मुन्दुम ट्रेल' राखिएको हो । ठुल्ठूला घाँसे मैदान, फराकिला चौरीखर्क तथा भेडीगोठका साथै घोडचढी अर्थात् घोडा चढ्न पाउनुले आन्तरिक तथा बाह्य पर्यटकलाई थप आकर्षित गर्दै आएको छ । दर्जनौं प्रजातिका गुराँस, चाँप, कटुस, लोक्ता, विविध जडीबुटी तथा घना जंगल अवलोकनमा रम्न पाइने यस क्षेत्रको अर्को आकर्षण हो । मैयुङको हाँसपोखरी क्षेत्रमा पाइने विभिन्न प्रजातिका चराचुरुंगी, रेडपाण्डा, भीर मौरी र विभिन्न जंगली जनावरसँग पनि लुकामारी खेल्न पाइन्छ । मानवबस्ती कम रहेको 'मुन्दुम ट्रेल' पदमार्गमा पर्यटकको चहलपहल बढेसँगै उनीहरूका लागि स्थानीय गोठवालाले खाने तथा बस्ने व्यवस्था मिलाउने गरेका छन् । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### पहिलो त्रैमासको ...

पुनःअनुगमन गरिएकोमा ४९ वटा स्वास्थ्य संस्था नवीकरण गरिएको, स्वास्थ्य परीक्षण गर्ने सूचीकृत स्वास्थ्य संस्थाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डवमोजिम स्तरीकृत, विश्वसनीय र सेवाग्राहीको सरल तथा सहज पहुँचमा ल्याउनको लागि टास्क फोर्स समिति गठन गरिएको, इण्डिगो ओभरसिज नामक म्यानपावर कम्पनीमाथि भएको कारबाही पुनरवेदन परेको भन्दै फुकुवा गर्ने फैसला भएको र वैदेशिक रोजगार बोर्ड पुनर्गठन गर्नेसम्बन्धी उच्चस्तरीय समितिको पहिलो बैठक बसेको, वैदेशिक रोजगार (छैटौं संशोधन) नियमावली, २०८१ नेपाल राजपत्रमा सम्पादनको लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा जनाइएको छ ।

त्यसैगरी अभिमुखीकरण कार्यविधि, २०७६ बमोजिम अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरूलाई अनिवार्यरूपमा फेस टाइम र आइरिस रिकग्निजेसन प्रविधि लागू गर्ने तथा देशगत क्लस्टरअनुसार तालिम सञ्चालन गर्ने निर्णय भएको, वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि तालिम सञ्चालन गर्ने संस्थाका लागि आवश्यक न्यूनतम मापदण्डसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ को मस्यौदा सम्बन्धमा छलफल गरिएको, वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि निःशुल्क तालिम सञ्चालन गर्ने संस्थाहरूको पूर्वाधार निरीक्षण गरिएको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

साउदीमा रोजगार
कम्पनी : SALEH HUSSAIN MOHAMMED AL HUSSAIN TRADING EST
पूर्व स्वीकृति मिति : २०८०/०५/०३ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ LT. No. 291256 चलानी नं. ६०२२८९५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 2 | 0 | 1000 | ३६,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
(प्रकाशित मिति २०८१/०८/१८)

यस बैंकको निक्षेपकर्ता मनोगी बेलदारको नाति, रामलगन बेलदारको छोरा, रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका, वडा नं. ८ वस्ने, वर्ष ५७ को श्री मुरली बेलदार (ना.प्र.प.नं. ५४९७ रुपन्देही, जारी मिति २०३४/०३/२२) को मिति २०८१/०६/२७ मा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको छोरा दुधनाथ बेलदारले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा दुधनाथ बेलदारको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साउदीमा रोजगार
कम्पनी : Modern Cups Factory for Paper Products
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ LT. No. 314695 चलानी नं.६०२२९०८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paper Machine Operator | 1 | 0 | 2000 | ७२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Khaled Bin Habalis Bin Shaouf Al Otaibi Establishment for Goods Transport
पूर्व स्वीकृति मिति : २०८१/०८/१६ LT. No. 314696 चलानी नं. ६०२२९०८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 4 | 0 | 1900 | ६८,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951
श्रम ईजाजत नं. ७९४/०६५/०६६

साउदीमा रोजगार
कम्पनी : Abdul Rahman Hamad A. Rahman Maadi Transporting
पूर्व स्वीकृति मिति : २०७९/१२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१७ LT. No. 284426 चलानी नं.६०१९९८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 10 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Worker | 1 | 0 | 1000 | ३६,००० | | | | | | | |

कम्पनी : Company Mesharia Al Banna Britain for contracting
पूर्व स्वीकृति मिति : २०८१/०८/१७ LT. No. 314672 चलानी नं. ६०२२९०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २५ गते (10th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

प्रभाव दैनिक

मंगलबार, १८ मंसिर २०८१ (Tuesday, December 03, 2024)


रूपशाला

## 'प्रेम गीता'ले थाल्यो काभ्रेबाट छायांकन

फिल्म 'प्रेम गीता'को छायांकन सुरु भएको छ । राजेन्द्र बस्नेतले निर्देशन गर्न लागेको फिल्मको सोमबारदेखि काभ्रेको पाँचखालबाट छायांकन सुरु भएको हो । बस्नेतले यसै फिल्म मार्फत निर्देशनमा डेब्यु गर्न लागेका हुन् । ग्रीन प्यारोटस् फिल्म प्रोडक्सन प्रालिको ब्यानरमा निर्माण हुने फिल्ममा सुशील पोखरेल, जाहन्वी बस्नेत, साजिद खान, आशा पौडेल, अर्जुन गुरुङ (भँगेरी डन), दीपक केसी, खुश्बु पाण्डे, माधव केसी, मानसी शर्मा, दीपशन लिम्बु, मौसम खड्का र ममता माझीको अभिनय रहनेछ ।



# झ्यालमा पर्दा छ पछि जमेकी सुमन



■ प्रभाव संवाददाता

**स्याङ्जा**, चापाकोटमा जन्मिएकी सुमन थापा मगर चर्चित गायिका हुन् । गाउमा छँदा गीत संगीतमा उनी खुब रुची राख्थिन् । गाउमा जब लाहुरेहरू आउँथे, उनी गीत गाउन अघि सरिहाल्थिन् । एकातिर मादलको धून बज्थ्यो, अर्कोतिर सुमनको सुरिलो आवाज । हेर्ने, सुन्नेहरू लठ्ठ हुन्थे । उनी दाउरा घाँस, मेलापात जाँदा होस्, वा स्कुलमा गीत गाउन भनेपछि हुरुक्कै हुन्थिन् । कुनैपनि प्रतिष्पर्धामा भाग लिनबाट पछि पर्दिनथिन् ।

सुमन एक दशक अघि काठमाडौं प्रवेश गरिन् । सन् २०१२ देखी लोक दोहोरीमा प्रवेश गरेकी उनले पहिलो पटक मनको बह गीत रेकर्ड गरिन् । आफ्नै लय र शब्दमा रेकर्ड गरिएको यो उनको पहिलो गीत थियो । सुरुमा त उनलाई स्टुडियोमा पस्दा मनमा डर थियो । यसपछि उनका अन्य गीतहरू रेकर्ड भए । झरे झर्छ मादलको खरी, जान्न म त रमाइलो नगरी जस्ता गीतले उनको पहिचान स्थापित गरिदिए ।

***झ्यालमा पर्दा छ...बाट उदाएकी गायिका***

चर्चित गायक खेम सेन्चुरीसँग गाएको झ्यालमा पर्दा छ गीतबाट सुमन चर्चामा आईन् । २०७७ को अशोजमा सार्वजनिक भएको यो गीतलाई अहिलेसम्म २ करोड ८८ लाख भन्दा बढी पटक हेरिएको छ । नेत्र अर्यालले लेखेको यो गीतको म्युजिक भिडिओलाई प्रकाश भट्टले निर्देशन गरेका हुन् । बिनोद बाजुराली यस गीतका म्युजिक एरेन्जर हुन् । विष्णु शर्माको सम्पादन र नवराज उप्रेती, रविन्द्र न्यौपाने र विवेक थापाको छायांकन रहेको छ ।

संगिनि, थर दिन्छौ र ?, फूलमाया, म एक्लो पिपलु, पोखरा जाम्की बटौली, किन ढाँटम्ला, तिम्लाई टाढा मलाई नि टाढा, लगायत सुमनले स्वर भरेका अन्य थुप्रै गीतहरू चर्चित छन् । हालसम्म उनले चार दर्जन वटा गीत रेकर्ड गरिसकेकी छिन् । कौडा, मारुनी, दोहोरी गीत गाउन खप्पिस उनले मगर भाषामा पनि गीत रेकर्ड गराएकी छिन् । 'गीत, संगीतमा लागेर जीवनयापन गर्न सकिन्छ ?' उनलाई सोधियो ।

'दुःख पाएर माग्नु पर्दैन । जीवनयापनका लागि खासै कठिनाई छैन ।' सुमन भन्छिन्,'संघर्ष गरिरहेको छु । बैकल्पिक पेशाका बारेमा सोच्न सकेको छैन ।' उनी सांगितिक क्षेत्रमै उनी रमाएकी छिन् । भोलीको भविष्यबारे खासै सोचेकी छैनन् ।

सुमनले हालसम्म थुप्रै अवार्डहरू पाएकी छिन् । सगरमाथा म्युजिक अवार्ड २०७६, म्युजिक खबर म्युजिक अवार्ड २०८०, एक्टिभ इन्टरटेन्मेन्ट म्युजिक अवार्ड २०२२, नेश्नल साधना म्युजिक अवाडए २०७६, नेश्नल ब्राण्ड म्युजिक अवार्ड २०७७, सातौं राष्ट्रिय लोक दोहोरी तथा अवार्ड २०७८, एएमएस राष्ट्रिय सम्मान तथा अवार्ड २०७९ बाट सम्मानित भईसकेकी छिन् । आफू यो स्थानमा आईपुग्नुमा घर, परिवारका साथै विशेषरूपमा दिदी संगीता थापा मगरलाई उनी सम्झिन्छिन् ।

***विदेश यात्रा***

गायिका सुमन थापा मगरले सांगितिक कार्यक्रमको सिलसिलामा हालसम्म पाँच वटा देशहरू दक्षिण कोरिया, जापान, थाईल्याण्ड, हङकङ, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई) को यात्रा गरिसकेकी छिन् । कति देशमा निम्तो पाएर पनि उनी जान भ्याईनन् । व्यस्तताका कारण कति कार्यक्रमहरूमा भाग लिन पाईनन् । जहाँ पुगेपनि नेपालीहरूको अपार माया पाउँदा उनलाई एकदमै खुसी लाग्छ । स्वदेश पनि पूर्व पश्चिम गरेर धेरै वटा जिल्लाहरूमा उनले पाईला टेकेकी

***सुमनको भावि योजना***

गायिका सुमन थापा मगरले सांगितिक क्षेत्रमै आफ्नो भविष्य बनाउने सोचेकी छिन् । अन्य पेशा अंगाल्नेबारे उनले अहिलेसम्म सोचेकी छैनन् ।

# पूर्णिका बनिन् 'फेस अफ क्लासिक डाइमन्ड' विजेता

■ प्रभाव संवाददाता



**काठमाडौं** – फेसन र मोडलिङ प्रतियोगिता 'फेस अफ क्लासिक डाइमन्ड'को पाँचौं सिजनको विजेता सिजापति बनेकी छन् ।

राजधानीमा सम्पन्न ग्रान्ड फिनालेमा फस्ट रनरअप स्मृति श्रेष्ठ र सेकेन्ड रनरअप उरुषा भण्डारी बने ।

स्मृति श्रेष्ठले प्रतियोगितामा उत्कृष्ट वाकको उपाधि समेत जितिन् । सुबुना थापाले 'मोस्ट पपुलर दुलही' को उपाधि जित्न सफल भइन् ।

शीर्ष विजेताले १ लाख ५० हजार रूपैयाँ नगदसहित एक वर्षका लागि क्लासिक डाइमन्डको ब्रान्ड एम्बेसडर बन्ने अवसर प्राप्त गर्दा फस्ट रनरअपले १ लाख रूपैयाँ र सेकेन्ड रनरअपले ५० हजार रूपैयाँ प्राप्त गरे । विजेताहरूले क्लासिक डाइमन्डको विभिन्न परियोजनामा काम गर्ने अवसर पनि पाउनेछन् ।

क्लासिक डाइमन्डको ग्रान्ड फेशन र ज्वेलरी शो आगामी ४ र ५ माघमा काठमाडौंमा हुनेछ । सोही कार्यक्रममा विजेताहरूलाई सम्मान र पुरस्कार प्रदान गरिनेछ ।

देशभरका विभिन्न क्षेत्रबाट अडिसनमार्फत छानिएका २६ मोडल करिब एक महिना तालिम सहित प्रतियोगितामा सहभागी भएका थिए । प्रतियोगिताको निर्णायकमा पूर्व मिस नेपाल माल्भिका सुब्बा, पूर्व मिस नेपाल अस्मी श्रेष्ठ, अन्तर्राष्ट्रिय मोडल सविता कार्की, भारतीय सुपर मोडल दीप्ती गुजराल र कोरियोग्राफर रेहान शाह रहेका थिए ।

रंगशाला

एनपिएल क्रिकेट

# जनकपुर बोल्ट्स र चितवन विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं** – सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) का सोमबारका खेलमा जनकपुर बोल्ट्स र चितवन राइनर्सले जित हात पारेका छन् ।

पहिलो खेलमा विराटनगर किङ्सलाई पराजित गरेको जनकपुर बोल्ट्सका कप्तान अनिलकुमार साहको अर्धशतकीय पारीको मद्दतमा जनकपुर वोल्ट्सले कर्णाली याक्सलाई आठ विकेटले पराजित गरेको छ । जनकपुर वोल्ट्स आफ्नो दोस्रो खेलमा लगातार विजयी भएको हो । यसअघि शनिबार सम्पन्न पहिलो खेलमा जनकपुर वोल्ट्स विराटनगर किंग्ससित आठ विकेटले नै विजयी भएको थियो । जितसँगै जनकपुर वोल्ट्स अंक तालिकाको शीर्ष स्थानमा रहेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको कर्णाली याक्सले निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाउँदै एक सय ४१ रन बनायो । एक सय ४२ रनको विजयी लक्ष्य जनकपुर वोल्ट्सले १५ दशमलव एक ओभरमा मात्र दुई विकेट गुमाएर पुरा गर्‍यो । जनकपुर वोल्ट्सका लागि कप्तान अनिलकुमार साहले अविजित ६२ रन बनाए । उनले ४२ बल खेल्ने क्रममा तीन छक्का र छ चौका प्रहार गरे ।

यस्तै आशिफ शेखले २९ बलमा दुई छक्का र दुई चौकाको मद्दतमा ३६ रनको योगदान दिए । श्रीलंकाली खेलाडी लाहिरू मिलन्थाले १३ बल खेल्दै दुई छक्का र दुई चौकासहित २४ रन बनाए । जिमी निशिमले आठ बलमा अविजित १६ रन बनाए । यसमा उनको एक छक्का र दुई चौका सामेल थियो ।



बलिङतर्फ कर्णाली याक्सका लागि जिशम मक्सुद र मौसम ढकालले एक एक विकेट लिए । यसअघि पहिला ब्याटिङ गरेर एक सय ४१ रनको योगफल तयार गर्ने क्रममा कर्णाली याक्सका लागि गुल्सनकुमार झाले २७ बल खेल्दै तीन छक्का र एक चौकाको सहयोगमा सर्वाधिक ३६ रन जोडे ।

त्यस्तै अर्जुन घर्तीले २२ बलमा दुई चौका र दुई छक्का हान्दै ३३ रन बनाए । यस्तै कप्तान सोमपाल कामीले अविजित २९ रनको योगदान दिए । उनले १३ बल खेल्ने क्रममा एक छक्का र तीन चौका प्रहार गरे । भारतीय खेलाडी शिखर धवनले १४ बल खेल्दै तीन चौकाको मद्दतमा १४ रन बनाए । यस्तै हङकङका बाबर हायातले १२ रन बनाए ।

बलिङतर्फ जनकपुर वोल्ट्सका लागि पाकिस्तानी खेलाडी मोहम्मद मोहसिन खानले दुई, जिमी निशम, हर्ष ठाकेर, ललितनारायण राजवंशी र किहोर महतोले एक एक विकेट लिए । त्यसअघि सोमबार नै सम्पन्न पहिलो खेलमा आफ्ना पहिलो खेलेका काठमाडौं गुर्खाज र चितवन राइनोजबीचको खेलमा चितवन राइनोजले बाजी मारेको छ ।

काठमाडौं गुर्खाजले जितका लागि प्रस्तुत गरेको एक सय १२ रनको लक्ष्य चितवन राइनोजले १७ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर पूरा गर्‍यो । चितवनका लागि सन्तोष कार्कीले सर्वाधिक २८ रन बनाए । उनले ३१ बल खेल्ने क्रममा दुई चौका र एक छक्का प्रहार गरे । यस्तै लुक बेन्केनस्टाइनले २२, हसन इशाखिलले १२, कप्तान कुशल मल्लले ११ र रवि बोपराले ११ तथा शरद भेषवाकरले अविजित ११ रन बनाए । बलिङतर्फ काठमाडौं गुर्खाजका लागि शाहब आलमले तीन तथा गेहार्ड इरास्मस र डान डाउथवेटले एक एक विकेट लिए ।

यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको काठमाडौंले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाउँदै एक सय ११ रन बनायो । काठमाडौंका लागि सुमित महर्जनले ४१ बल खेल्दै एक चौकाको सहयोगमा सर्वाधिक २९ रन जोडे । त्यस्तै माइकल लेभिटले १६ बलमा चार चौका र एक छक्का हान्दै २५ रन बनाए । डान डाउथवेटले अविजित १९ र शंकर रानाले १६ रन बनाए ।

बलिङतर्फ चितवन राइनोजका लागि सोहेल तन्भिर एक्लैले पाँच विकेट लिए । उनले चार ओभर बलिङ गर्दै २१ रन खर्चिए । यस्तै रिजन ढकाल, अमरसिंह राउटेला, कुशल मल्ल र लुक बेन्केनस्टाइनले एक एक विकेट लिए ।


**Ghodaghodi Municipality**
**Office of the Municipal Executives**
**Sukhad, Kailali**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2081/08/18 (3rd December, 2024)**
**Invitation for Bids No: GMUN/GOODS/12/081/082**

1. The Ghodaghodi Municipality invites electronic bids from eligible bidders for the procurement of Sanitary Pads under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ghodaghodi Municipality, Sukhad, Kailali or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   *Information to deposit the cost of bidding document in Bank:*
   *Name of the Bank: Agricultural Development Bank, Sukhad, Kailali*
   *Name of Office: Ghodaghodi Municipality Office*
   *Office Account no.: 0822300411151072*
   *Rajaswa (revenue) Shirshak no.: 0822300411151196*
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office Ghodaghodi Municipality, Sukhad, Kailali through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 2081/09/18 (2nd January, 2025). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2081/09/18 (2nd January, 2025) at the office of Ghodaghodi Municipality, Sukhad, Kailali. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,80,000.00/-, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# विश्वकै दुर्लभ ह्वेलको अनुसन्धानमा न्युजिल्यान्डका वैज्ञानिक

**वेलिंगटन-** न्युजिल्यान्डका वैज्ञानिकहरूले सोमबारदेखि विश्वकै दुर्लभ मानिएको ह्वेलको विश्लेषण सुरु गरेका छन् ।

न्युजिल्यान्डको साउथ आइल्याण्डमा यसै वर्षको सुरुमा मृत भेटिएको कोदालीपाते दाँत भएको र चुच्चो मुख भएको समुद्रको गहिराइमा बस्ने स्तनपायी जनावर ह्वेलको अध्ययन गर्ने मौका मिलेको हो । पाँच मिटर (१६.४ फिट) लामो उक्त ह्वेललाई जुलाईमा समुद्र किनारबाट निकालिएको थियो र त्यसपछि उसलाई विशेष 'फ्रिजर'मा राखिएको थियो ।

ह्वेल विशेषज्ञ एन्टोन भ्यान हेल्डेनका अनुसार वैज्ञानिकहरूले पहिलोपटक कोदालीपाते दाँत भएको ह्वेलको नमूनाको विश्लेषण गर्ने अवसर मिलेको हो । 'यो एक उल्लेखनीय र विश्वव्यापीरूपमा महत्त्वपूर्ण अवसर हो,' उनले भने ।

सप्ताहव्यापी विच्छेदनले ह्वेलको व्यवहार, यसको आहार र यसको आधारभूत शरीर रचनाको बारेमा अहिलेसम्म प्राप्त गर्न नसकिएका जानकारी लिन मद्दत गर्ने छ । भ्यान हेल्डेनले भने, 'चुच्चे ह्वेल संसारमा पाइने ठूला स्तनधारीहरूको सबैभन्दा रहस्यमय ह्वेल प्रजाति हो । तिनीहरू गहिरो स्थानमा रहने 'गोताखोर' हरू हुन् जसलाई समुद्रमा विरलै देखिन्छ र यी समुद्री जनावरहरूको अनुसन्धानका लागि कमै अवसरहरू मिल्ने गर्छ ।

'संसारको कुनै पनि ठाउँबाट ज्ञात सातौं नमूना मानिएको यो दुर्लभमध्ये सबैभन्दा दुर्लभ जन्तु हो र हामीले यसको चिरफार गरी अध्ययन गर्ने दुर्लभ अवसर पाएका छौं,' उनले भने ।

न्युजिल्याण्डको संरक्षण विभागले कोदालीपाते दाँत भएको ह्वेल 'विश्वकै दुर्लभ ह्वेल' भएको बताएको छ । सन् १८७४ मा न्युजिल्यान्डको पूर्वी तटमा रहेको चाथम टापुबाट संकलन गरिएको तल्लो बंगारा र दुईवटा दाँतबाट यो प्रजातिको वर्णन गरिएको थियो । उक्त नमूना र न्युजिल्यान्ड र चिलीमा भेटिएका अन्य दुई नमूनाका कंकालका अवशेषले वैज्ञानिकहरूलाई नयाँ प्रजाति पुष्टि गर्न आधार दिएको थियो ।

यति कम नमूनाहरू फेला परेका छन् र त्यहाँ कुनै जीवित दृश्यहरू छैनन्, कोदालो-दाँतेदार ह्वेललाई न्युजिल्याण्ड थ्रेट वर्गीकरण प्रणालीअन्तर्गत तथ्यांक कम भएको जनावरको रूपमा वर्गीकृत गरिएको छ । *रासस/एएफपी*

# पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा मृत्यु हुनेको संख्या १३३ पुग्यो

**पेसावर, पाकिस्तान-** उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक झडपका कारण मृत्यु हुनेको संख्या बढेर १३३ पुगेको प्रान्तीय सरकारले सोमबार जनाएको छ । विवादित आदिवासी सुन्नी र शिया मुस्लिम समुदायबीच भएको युद्धविरामपछि पनि अझै झडपहरू नरोकिएको तर कम भएको सरकारले जनाएको छ ।

पाकिस्तान सुन्नी बहुल देश हो यद्यपि अफगानिस्तानको सीमा नजिकै रहेको खैबर पख्तुनख्वा प्रान्तको कुर्ममा ठूलो शिया जनसंख्या छ जहाँ दुई समुदायहरू दशकौंदेखि द्वन्द्वमा छन् । नोभेम्बर-२१ देखि भएको झडपमा दिनहुँ मृत्यु हुनेको संख्या बढ्दै गएको तथा १७७ जना घाइते भएको प्रान्तीय मन्त्रिपरिषद् बैठकपछि जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा 'कुर्ममा सशस्त्र समूहद्वारा स्थापित बंकरहरू ध्वस्त गरिने तथा हतियारहरू जफत गरिने' उल्लेख गरिएको छ । बिहीबार सुरु भएको पछिल्लो लडाइँमा प्रहरी स्कर्टमा यात्रा गरिरहेका दुई अलग-अलग यातायातमा आक्रमण भएपछि ४० भन्दा बढीको मृत्यु भएको जनाइएको छ ।

झडपले यस क्षेत्रलाई ठप्प पारेको छ भने प्रमुख सडकहरू बन्द भएका छन् र मृत्युको संख्या बढ्दै जाँदा मोबाइल फोन सेवाहरू काटिएका छन् । प्रान्तीय राजधानी पेशावरका एक वरिष्ठ सुरक्षा अधिकारीले नाम उल्लेख नगर्ने सर्तमा पहिलेका दुई सम्झौताहरूले झडप रोक्न असफल भएपछि आदिवासीको सहयोगमा अधिकारीहरूले युद्धविराम प्रयास गरिरहेको बताएका छन् ।

पाकिस्तानको मानवअधिकार आयोगले जुलाईदेखि अक्टोबरसम्म यस क्षेत्रमा भएको साम्प्रदायिक झडपमा ७९ जनाको मृत्यु भएको जनाएको छ । *रासस/एएफपी*

# कुवेत एयरपोर्टमा फसेका ६० जना भारतीयको उद्धार

**कुवेत-** कुवेतमा गल्फ एयरको उडानमा फसेका यात्रुहरू कुवेतबाट सोमबार उद्धार गरेको कुवेतस्थित भारतीय दूतावासले विज्ञप्तिमार्फत जनाएको छ । दूतावासको टोली उद्धार उडान नभएसम्म मैदानमै रहेको विज्ञप्तिमा उल्लेख छ ।

